मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ • अंक २१३ • २०८० साल जेठ ३१ गते बुधबार • Wednesday 14, June 2023 • सूर्योदय: बिहान ५:०७ बजे • सूर्यास्त: साँझ ६:५९ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## मधेशका मुख्यमन्त्री यादवले दोस्रोपटक पाए विश्वासको मत
## पक्षमा १०३ र विपक्षमा शून्य मत




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले दोस्रोपटक विश्वासको मत पाएका छन् । मंगलबार बसेको प्रदेशसभा बैठकले मुख्यमन्त्री यादवलाई १०३ जना प्रदेशसभा सदस्यले विश्वासको मत दिएका हुन् ।

नेकपा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव दोस्रोपटक विश्वासको मत लिएका छन् । नेकपा एमाले सरकारबाट बाहिरिएको ३० दिन पुगे पनि विश्वासको मत लिन आलटाल गरिरहेका मुख्यमन्त्री यादव कानुनी अड्चनबाट बच्न विश्वासको मत लिएका हुन् ।

नेकपा एमाले सरकारबाट बाहिरिएपछि विश्वासको मत लिनुपर्नेमा मुख्यमन्त्री यादवले कुनै मतलब गरेका थिएनन् । ३० दिनभित्र विश्वासको मत नलिए अदालतमा रिट पर्ने र त्यो मुख्यमन्त्रीको अनुकूल नहुने उनका कानुन व्यवसायीले सल्लाह दिएपछि उनले आकस्मिक बैठक बोलाएर विश्वासको मत लिएका छन् । प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले प्रस्तावको पक्षमा १०३ र विपक्षमा शून्य मत खसेको सदनलाई जानकारी दिए । १०७ सदस्यीय प्रदेशसभामा मंगलबार ३ जना सांसद अनुपस्थित थिए । सभामुख मण्डलले भने मतविभाजन प्रक्रियामा सहभागिता जनाएनन् ।

मुख्यमन्त्री यादवले प्रदेशसभाको पहिलो ठूलो दल नेकपा एमाले र दोस्रो ठूलो दल नेपाली कांग्रेसको पनि विश्वासको मत प्राप्त गरेका छन् भने प्रदेशसभामा प्रतिनिधित्व गर्ने १० वटै दलले उनलाई विश्वासको मत दिएको छ ।

यसअघि २०७९ पुस २७ गते प्रदेशसभाका १० दलमध्ये ७ दल र २ स्वतन्त्र गरी ६३ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त हुँदा यादवलाई नेपाली कांग्रेस, लोसपा र नेकपा एकीकृत समाजवादी पार्टीले समर्थन गरेको थिएन । पछि लोसपाका ९ जना प्रदेशसभा सदस्यले पनि समर्थन दिंदा उनले ७२ सांसदको समर्थन पाएका थिए । प्रदेशसभामा ७ जना मात्र सांसद रहेको नेकपा एकीकृत समाजवादी पार्टीले पनि पक्षमा मतदान गरेको थियो ।

अब मधेश प्रदेशसभामा प्रतिपक्षी दलको रुपमा कोही छैनन् । मुख्यमन्त्री यादवले एमाले र कांग्रेससहित १० वटै दलको विश्वास जुटाउन सफल भएका छन् । मुख्यमन्त्री यादवले अब नेकपा एमालेका २४, कांग्रेसका २२, जसपाका १६, जनमत पार्टीका १३, लोसपाका ९, नेकपा माओवादी केन्द्रका ९, नेकपा एकीकृत समाजवादीका ७, नागरिक उन्मुक्ति पार्टीका १, राष्ट्रिय प्रजातन्त्र पार्टीका १, नेपाल संघीय समाजवादी पार्टीका १ तथा स्वतन्त्र प्रदेशसभा सदस्यहरुको समर्थन छ ।

मुख्यमन्त्री यादवले विश्वासको मत लिने प्रस्तावमा नेकपा एमाले संसदीय दलका उपनेता दीपेन्द्र ठाकुर, नेपाली कांग्रेसबाट कुमरकान्त झा, जसपाबाट लालबाबु राउत, जनमत पार्टीका चन्दन सिंह, लोसपाको संसदीय दलका नेता अभिराम शर्मा, नेकपा माओवादी केन्द्रबाट युवराज भट्टराई, नेकपा एकीकृत समाजवादीका कनिश पट्टेल, नेपाल संघीय समाजवादीकी विमला अन्सारी, राप्रपाकी कञ्चन बिच्छा, स्वतन्त्र सांसद अनिरुद्ध प्रसाद सिंह र प्रमोद जयसवालले रोस्टमबाटै सर्मथन रहेको घोषणा गरेका थिए ।

मधेश प्रदेश सरकारको दोस्रो कार्यकालका लागि २९ पुस २०७९ मा शपथ लिएसँगै कार्यभार सम्हालेका मुख्यमन्त्री सरोजकुमार यादवलाई ४ माघमा बसेको प्रदेशसभा बैठकमा १०२ जना प्रदेशसभा सदस्यले पहिलो पटक विश्वासको मत दिएका थिए । मुख्यमन्त्री नियुक्त भएको नवौं दिनमा उनले विश्वासको मत पाएका थिए ।

**भ्रष्टाचारमुक्त प्रदेश बनाउछु : मुख्यमन्त्री**
मुख्यमन्त्री सरोज कुमार यादबले मधेश प्रदेशलाई भ्रष्टाचार मुक्त प्रदेश बनाउने पुनः प्रतिवद्धता जनाएका छन् । मंगलबार संसदमा विश्वासको मतका लागि दलहरुलाई आह्वान गर्दै मुख्यमन्त्री यादबले प्रदेशबाट भ्रष्टाचार उल्मुलनका लागि संयन्त्र बनाएरनै अगाडी बढ्ने बताउदै भ्रष्टाचार अन्त्यका लागि सबैदलसंग सहकार्य गरेर अगाडी बढ्ने बताए । उनले भने,'आउने बजेटलाई कार्यविधिनै बनाएर अगाडी बढ्छौ,जनतामुखी बजेट ल्याउनका लागि सबै दलसंग सहकार्य र छलफल गरेर अगाडी बढने प्रतिवद्धता जनाउछु ।' मुख्यमन्त्री यादबले सबका साथ सबका विकास नारालाई सार्थकता बनाउनका लागि प्रदेशमा विकासको कामलाई द्रुत गतीमा अगाडी बढाउने बताउदै अब बोलीमा मात्र नरहि काम गरेर देखाउने प्रतिवद्धता जनाए ।

## राष्ट्रपति पौडेललाई हृदयघात



*पौडेलको मुटुको दाहिनेतर्फ एउटा नशा ७० प्रतिशत बन्द भएको पाइएको छ । उनको मुटुको दाहिनेतिरको नशाबाट तार हालेर जाली खोलेर रगत सञ्चालन गरिएको छ । राष्ट्रपति पौडेल छाती दुख्ने, भारी हुने, गाह्रो हुने लगायतका समस्या भएपछि अस्पताल पुगेका थिए ।*

**मधेशदृष्टि**
**काठमाडौं ।**
राष्ट्रपति रामचन्द्र पौडेललाई हृदयघात ( माइल्ड हर्टअट्याक) भएको छ । र, उनको एनजिओप्लास्टी गरिएको छ ।

मंगलबार बिहान असहज महसुस भएपछि राष्ट्रपति पौडेल शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र पुगेका थिए । अस्पताल स्रोतका अनुसार पौडेलको मुटुको दाहिनेतर्फ एउटा नसा ७० प्रतिशत बन्द भएको पाइएको छ ।

'श्वासप्रश्वास र छाती भारी हुने समस्या भएपछि अस्पताल आउनुभएको थियो' उपचारमा संलग्न एक चिकित्सकले अनलाइनखबरसँग भने, 'उहाँलाई मायोकार्डिएल इन्फ्राक्सन (हृदयघात) भएको हो ।'उनका अनुसार राष्ट्रपतिको मुटुको दाहिनेतिरको नसाबाट तार हालेर जाली खोलेर रगत सञ्चालन गरिएको छ । पौडेल छाती दुख्ने, भारी हुने, गाह्रो हुने लगायत समस्या भएपछि अस्पताल पुगेका थिए ।

'यस्तो स-साना हृदयघातले कुनै दिन ठूलो समस्या निम्त्याउँछ' ती चिकित्सकले भने, 'समयमै अस्पताल आइपुग्नुभएकाले एनजिओप्लास्टी गरेर रक्तनली खोलेका छौं ।'

चिकित्सकका अनुसार एनजिओप्लास्टी गरेपछि मुटुले कस्तो काम गर्छ भनेर दुई दिन हेर्नुपर्ने हुन्छ । त्यसैले राष्ट्रपति पौडेललाई दुई दिन अस्पतालमा नै राख्ने तयारी गरिएको छ ।स्रोतका अनुसार अस्पताल निर्देशक डा. चन्द्रमणि अधिकारी नेतृत्वको टोलीले राष्ट्रपति पौडेलको शल्यक्रिया गरेको थियो ।राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले राष्ट्रपति आकस्मिक रुपमा नभई नियमित परीक्षणका लागि अस्पताल गएको बताए ।

उनले भने, 'उहाँ आज नियमित परीक्षणका लागि अस्पताल जानु भएको हो । सोमबार नै जाने कार्यक्रम थियो तर कोरिया र पाकिस्तानका राजदूतहरुको क्रेडेन्सियल बुझ्नुपर्ने भएपछि त्यसलाई मंगलवार सारिएको थियो ।'राष्ट्रपति पौडेलले शनिबार पनि गंगालालमै नियमित परीक्षण गराएका थिए । शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रका निर्देशक डा. चन्द्रमणि अधिकारीले विज्ञप्ति जारी गरी राष्ट्रपति नियमित स्वास्थ्य परीक्षणका लागि आएका र चिकित्सकको सल्लाह अनुसार एक दिन अस्पतालमै अब्जर्भेसनमा राखिने बताएका छन् ।

## नागरिकता माग गर्दै राजधानीमा आत्मदाह प्रयास



*'हामीसंग ६ हजार मानिसका डकुमेन्ट छन् । १५ सय जति मानिस यहाँ आन्दोलनमा छन् ।'*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नागरिकता माग्दै काठमाडौंको माइतीघरमा एक युवकले आत्मदाहको प्रयास गरेका छन् । नागरिकता माग्दै सामाजिककर्मी निरज कामतले आफैंलाई पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेका हुन् ।

सर्वोच्च अदालतले नागरिकता विधेयक कार्यान्वयनमा रोक लगाएपछि नागरिकताविहीन संघर्ष समितिले माइतीघरमा निरन्तर प्रदर्शन गर्दै आएको छ । सोही क्रममा कामतले आफैंलाई पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेको जिल्ला प्रहरी परिसरका प्रवक्ता एसपी सीताराम रिजालले जानकारी दिए । उनले भने, 'कामतले आफैंलाई पेट्रोल खन्याएर आगो लगाउने प्रयास गरेका थिए, पेट्रोल खन्याउँदा खन्याउँदै प्रहरीले रोकेको हो, अहिले उपचारका लागि राष्ट्रिय ट्रमा सेन्टर पठाइएको छ ।'

**नागरिकताको लडाई**
५ वर्षदेखि नागरिकता प्राप्तिको आन्दोलनमा भौंतारिरहेका कामत जस्ता सयौं मानिसहरु यतिखेर राजधानीको माइतीघर मण्डलामा आन्दोलन गरिरहेका छन् ।बुबा आमा, बाजे बज्यैले जन्मका आधारमा नेपाली नागरिकता पाएपनि कामत जस्ता तेस्रो पुस्ताले नागरिकता पाएका छैनन् । १७ जेठमा राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विधेयक प्रमाणीकरण गरेका थिए । यो कानूनले जन्मका आधारमा नागरिकता लिएका नेपालीका सन्तानलाई वंशजको नागरिकता दिने व्यवस्था गरेको छ ।

तर, राष्ट्रपतिले विधेयक प्रमाणीकरण गरेको २ दिनपछि १९ जेठमा परेको एक मुद्दामाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले नागरिकता विधेयक तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ । सर्वोच्चको आदेशले आफूहरुले नागरिकता नपाउने भएपछि जन्मका आधारमा नागरिकता लिएकाहरुको सन्तानले नागरिकता पीडित संघर्ष समितिको नामबाट एक हप्तादेखि माइतीघरमा आन्दोलन गरिरहेका छन् ।यो मुद्दामा सर्वोच्च अदालतमा मंगलबार सुनुवाइ हुँदै थियो । तर रिट निवेदक बालकृष्ण न्यौपानले अदालतमा आएर बहस गर्न नभ्याउने भनेपछि सर्वोच्चले यो मुद्दालाई 'हेर्न नभ्याउने' मा राख्यो ।

नागरिकता माग्दै माइतीघरमा आन्दोलनरत नागरिकताविहीन संघर्ष समितिले अहिलेको नागरिकता विधेयक कार्यान्वयन नहुँदा नागरिकता बनाउन नपाएकाहरुको विवरण संकलन गरिरहेको छ । समितिका अध्यक्षसमेत रहेका इन्द्रजित साफी भन्छन्, 'हामीसंग ६ हजार मानिसका डकुमेन्ट छन् । १५ सय जति मानिस यहाँ आन्दोलनमा छन् ।' आत्मदाहको प्रयास गरेका कामत समितिका उपाध्यक्ष हुन् ।

दिनरात माइतीघरको सडकबाट नागरिकता मागिरहेका नागरिकताविहीन युवा कामतको आत्मदाह प्रयास गरेसँगै जुलुससहित राष्ट्रिय ट्रमा सेन्टर अगाडि पुगे ।टुँडिखेलको एक फन्को लगाएपछि फेरि माइतीघर फर्किएका नागरिकता विहीन युवाहरु सर्वोच्चले नागरिकता कानुन लागु गर्ने आदेश नदिएसम्म आन्दोलन गरिरहने बताउँछन् ।



मधेश प्रदेशकै विशेषज्ञ अस्पतालको रुपमा स्तरउन्नति भएकोमा यस अस्पतालका सम्पूर्ण चिकित्सक, कर्मचारी तथा शुभचिन्तकहरुमा हार्दिक बधाई छ ।
हाम्रा सेवाहरू :-
कैथलैबबाट मुटुसम्बन्धी सम्पूर्ण ईलाजमा रु. एक लाखसम्म छुट
चोटपटक लागि न्यूरो सर्जरी ईलाजमा रु. एक लाखसम्म छुट
MRI, CT SCAN
फ्री डाईलाइसिस सेवा
स्वास्थ्य वीमा कार्यक्रम
आमा सुरक्षा कार्यक्रम अन्तर्गत फ्री प्रसूति सेवा

वीरगंज हेल्थ केयर अस्पताल
बहुअरी, वीरगंज महानगरपालिका-१४
सम्पर्क नं.: ९८७४२९२००४
info@bhchospital.com
www.bhchospital.com

# बरामद भएका छ हजार बढी थान हातहतियार नष्ट



**रासस**
**काठमाडौँ ।**
विभिन्न मिति र स्थानबाट कानुनबमोजिम जफत भएका, प्राप्त हुन आएका, बरामद भएका वा बेवारिसे अवस्थामा फेला परेका छ हजार दुई सय ६८ थान हातहतियार आज कानुनबमोजिम नष्ट गरिएको छ । नष्ट गरिएका हतियारमा भरुवा बन्दुक छ हजार एक सय ८९ थान, विभिन्न प्रकारका पेस्तोल ६४ थान, म्याग्नम १ थान, एयर गन एक थान र नाम नखुलेको १३ थान रहेको छ । नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभागका प्रहरी अतिरिक्त महानिरीक्षक समेतका प्रतिनिधि, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाडौँ, कोष तथा लेखा नियन्त्रण कार्यालय, स्थानीय प्रतिनिधि र बूढानीलकण्ठ नगरपालिका-११ का वडाध्यक्षलगायतको रोहबरमा काठमाडौँ महानगरपालिका-११ स्थित नेपाल प्रहरी केन्द्रीय विशेष कार्यदल कपन परिसरमा हातहतियार नष्ट गरिएको हो।हातहतियार खरखजाना एवं विष्फोटक पदार्थ व्यवस्थापन निर्देशिका, २०६९ को दफा ८(३) बमोजिम नष्ट गरिएको तथा फलामलाई पत्रु बनाई कानुनबमोजिम व्यवस्थापन एवं संरक्षणको लागि उक्त कार्यदलको जिम्मा लगाइएको प्रहरी प्रवक्ता कुबेर कडायतले जानकारी दिए । उक्त हातहतियार दीर्घकालीन व्यवस्थापन गर्नका लागि हातहतियार, खरखजाना एवम् विष्फोटक पदार्थ व्यवस्थापन निर्देशिका, २०६९ को दफा ५ बमोजिम गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको २०८० जेठ १७ गतेको पत्र पठाएको थियो ।
सोही पत्रको आधारमा नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभागका प्रहरी अतिरिक्त महानिरीक्षक मीरा चौधरीको अध्यक्षतामा गठित प्राविधिक टोलीले जेठ १८ गतेको बैठकमा कानुनी प्रक्रियाअनुसार नष्ट गर्ने सिफारिस गर्ने निर्णय गरेको थियो ।

# राष्ट्रिय गौरवको पशुपतिमा स्वीकृत दरबन्दीको आधा जनशक्ति



**रासस**
**काठमाडौँ ।**
राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको पशुपति क्षेत्र विकास कोषमा स्वीकृत दरबन्दीको आधाभन्दा कममात्र जनशक्ति कार्यरत रहेकाले दैनिक काममा समस्या भएको छ । राष्ट्रियसभाअन्तर्गत् राष्ट्रिय सरोकार तथा समन्वय समितिको आजको बैठकमा कोषका पदाधिकारीले १५ उपसचिव र २५ अधिकृतको पद रिक्त हुँदा कार्यसम्पादनमा समस्या भएको गुनासो गरेका हुन् । कोषमा ३५० जनाको दरबन्दी रहेकामा हाल ज्यालादारीसमेत १८२ मात्र कर्मचारी कार्यरत रहेको कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले जानकारी दिनुभयो । स्वीकृत दरबन्दीअनुसारका कर्मचारी नभएपछि कोषका महाशाखा एवं शाखाहरू निमित्तका भरमा सञ्चालन भइरहेका छन् । प्राविधिक जनशक्ति त कोषमा अहिले शून्यमै झरेको छ । विगतमा कोषका प्राविधिकले पशुपतिक्षेत्र भित्र बनाएका सडकमा प्रश्न उठेकाले पनि ज्यालादारीमा रहेका जनशक्तिको म्याद नथपिएको उनले समितिलाई  जानकारी गराए ।बैठकमा सांसदहरुले पशुपति क्षेत्रको सम्पत्ति व्यवस्थापनका लागि निमित्तको मात्र भर पर्न नहुनेमा जोड दिए । समिति सभापति दिलकुमारी रावल थापा ९पार्वती०ले संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रीको उपस्थितिमा मन्त्रालयका अधिकारी एवं भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अधिकारी बोलाएर पशुपति क्षेत्रका विषयमा छलफल गर्न अर्को बैठक राखिने जानकारी गराए ।
सांसद कुमार दसौंदीले हायात रिजेन्सी होटललाई १७ रोपनी जग्गा वार्षिक १६ मुरी धान भाडामा दिनु निकै सस्तो भएकाले पुनर्विचार गरिनुपर्नेमा जोड दिए । मारवाडी सेवा समितिलाई दिइएको पशुपति गौशालाको धर्मशालालगायत कोषले दिएका अन्य जग्गा पनि सस्तो  भाडादर भएकाले समयानुकुल बनाउनुपर्नेमा उनले जोड दिए ।
सांसद सानोम ग्याल्जेन शेर्पाले माथिको दबाबमा पशुपतिमा काम रोकिने गरेकाले त्यसो गर्न नहुने बताए । सांसद रामचन्द्र राईले पशुपति क्षेत्रलाई व्यवस्थित गरी भारतबाट त्यहाँको जनसंख्याको वार्षिक १० प्रतिशत मानिस नेपाल ल्याउन सके पनि धार्मिक पर्यटन प्रवर्दन हुनेमा जोड दिए । पशुपति क्षेत्रको गुरुयोजना पारित हुँदा निकायगत समन्वयको व्यवस्था गरिनुपर्ने उनको माग थियो ।
सांसद इन्दु कडरियाले मारवाडी सेवा समितिले मासिक रु २२ लाखभन्दा बढी भाडा उठाएर कोषलाई वार्षिक रु ५१ हजारमात्र दिने दिँदै आएकामा आपत्ति जनाए । कोषमा महिला सहभागिता बढाउनाका साथै वातावरण संरक्षणका लागि विद्युतीय शवदाह गृहलाई प्रवर्दनगरिनुपर्नेमा उनले जोड दिए ।
सांसद गोपीबहादुर सार्की आछामीले जलहरी राखेको विषयमा महालेखा परीक्षकको कार्यालयले बेरुजुमा राखेको उल्लेख गर्दै कोषअन्तर्गतका जग्गा किन कौडीको भाउमा भाडामा दिएको भनी प्रश्न गरे । छिमेकी भारतमा एक अर्बभन्दा बढी हिन्दू धर्मावलम्बी रहेको चर्चा गर्दै  उहाँले तिनलाई पशुपतिनाथको दर्शन गराउने गरी वातावरण बनाउनुपर्नेमा जोड दिए । पशुपति, जनकपुर, बराहक्षेत्र र लुम्बिनीलाई समेटेर धार्मिक पर्यटन प्रवर्र्दन गर्ने गरी काम गर्न पनि उनले सरकारको ध्यानाकर्षण गराए ।
सांसद जगतबहादुर पार्कीले पशुपति क्षेत्रमा देखिने थोरै फोहरले पनि विश्वभर नकारात्मक सन्देश जाने बताउँदै  सफाइमा विशेष ध्यान दिन आग्रह गरे । कोषको वास्तविक  सम्पत्ति कति हो यकिन गर्न पनि उनले माग गरे । वाग्मतीमा सफा पानी बगाएर पशुपति क्षेत्रलाई आकर्षक गन्तव्यका रुपमा विकास गर्न सके धेरै पर्यटक आएर राजश्व वृद्धि हुने सांसद पार्कीको भनाइ थियो ।
'जलहरीमा सुन नपुगे मलाई मृत्युदण्ड दिनुस्' कोषका सदस्यसचिव डा मिलनकुमार थापाले पशुपतिमा सुनको जलहरीमा १० केजी सुन नपुगे आफूलाई मृत्युदण्ड दिन समितिमा माग गरे । छानबिन गरेर कारबाही गर्नुपर्नेमा त्यसो नगरी 'सुन चोर' भनिएकामा आपत्ति जनाउँदै उनले राज्यको कान भएपनि आँखा नभए जस्तो अनुभव भएको बताए ।
आफू कोषाध्यक्ष हुँदा संयोजक भएर पशुपतिमा सुनको जलहरी राखिएको उल्लेख गर्दै  सुनमा अनियमितता गरिएको भनी आफ्नो बेइज्जत गरिएको सदस्यसचिव थापाले बताए । सुनमा अनियमितताको आरोप लागेकैले आफू फेरि सदस्यसचिव भएर आएको उनले सुनाए । 'सुनको जलहरी बनाउने बेलामा २४ सै घण्टा नेपाली सेनाको सुरक्षा राखिएको थियो, त्यसबेला सिसीटिभी राखिएको थियो, त्यसको फुटेज सुरक्षित छ, बाहिर आएका सबै विषय सत्य छैनन्, सांसदहरुले पनि यस विषयमा बुझ्नुहोला'-सदस्यसचिव थापाले भने ।
पशुपति क्षेत्रका धेरै कुरा पारदर्शी बनाउन घाट र क्रियापुत्री बाहेकका सबै रकम बैङ्किङ प्रणालीबाट जम्मा हुने व्यवस्था गरिएको छ । सुनको विषय नजोखीकन कसैलाई कारबाही नगर्न पनि उहाँले माग गरे ।  कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले पशुपतिमा सुनकै जलधारा, शंख, अर्घ्य आदि पनि सुनकै रहेको उल्लेख गरे । पशुपति क्षेत्रमा फूल पसल राखेर फोहर गर्ने पसलेलाई कारबाही गर्न खोज्दा सांसदको फोन आउने गरेको उनले समिति बैठकमा जानकारी दिए । कोषका प्रवक्ता रेवतीरमण अधिकारीले द्वारिका होटलले चर्चेको पशुपति गुठीको नाममा रहेको दुई रोपनी जग्गाको भाडा वार्षिक छ हजार आउने गरेको जानकारी दिए ।

# मुम्बईबाट ३ वालश्रमिकको उद्धार




**मधेशदृष्टि**
**रौतहट ।**
एक गैसरकारी संस्थाले रौतहटका ३ जना बालश्रमिकलाई भारतबाट उद्दारगरि आफन्तलाइ जिम्मा लगाएको छ ।
सामुदायिक बिकाश तथा सचेतना नेपालको पहलमा तथा भारतस्थित एक गैर सरकारी संस्था र भारतीय प्रहरीको समन्वयमा मुम्बईको एक ब्याग उद्योगमा कार्यरत ३ जना बालश्रमिकको उद्दार गरिएको हो । उद्दार गरिएका नाबालकहरुलाइ मंगलबार  परिवारलाइ जिम्मा लगाइएको सामुदायिक विकाश तथा सचेतना नेपालका कार्यकारी निर्देशक दिलिप कोइरालाले बताएका छन् ।महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र गरुडामा आयोजित कार्यक्रममा राजपुर नगरपालिकाका एक जना,बृन्दावन नगरपालिकाका १ जना र यमुनामाइ गाउपालिकाका १ जना गरी ३ जना नाबालकहरुलाइ परिवारको जिम्मा लगाइएको निर्देशक कोइरालाले जानकारी दिएका छन् । कार्यक्रममा सेवा केन्द्र गरुडाकी प्रमुख अस ई फुल माया गुरोले अब देखी यी बालबालिकालाइ बालश्रम नगराउन र पठनपाठनको लागी बिद्यालय पठाउन परिवारलाइ आग्रह गरेकी छन् ।उक्त संस्थाको पहलमा गत साउन यता २३ जना बालश्रमिकहरुको भारतबाट उद्दार गरेको कोइरालाले जानकारी दिएका छन् ।

# १६ जिल्लाका एक हजारभन्दा बढी दादुराबाट सङ्क्रमित

**रासस**
**काठमाडौँ ।**
दादुरा प्रकोपबाट १६ जिल्लाका एक हजारभन्दा बढी सङ्क्रमित भएका छन् । स्वास्थ्य विभागको परिवार कल्याण महाशाखाले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनमा १६ जिल्लाको एक हजार तीन जनालाई दादुराको प्रकोप भएको छ । महाशाखाका निर्देशक डा विवेककुमार लालका अनुसार मोरङ, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, चितवन, काठमाडौँ, कपिलवस्तु, अर्घाखाची, दाङ, बाके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर र बाजुरा जिल्लामा दादुराको प्रकोप भएको छ । ती जिल्लामध्ये सबभन्दा बढी प्रभावित कैलाली, सुनसरी र महोत्तरी रहेका छन् ।कैलालीको धनगढी उपमहानगरपालिका, गौरीगङ्गा नगरपालिका र गोदावारी नगरपालिका, सुनसरीको बर्जु नगरपालिका र महोत्तरीको गौलाशा नगरपालिकाको वडा नं २ र ५ रहेका छन् । ती स्थानीय तहका छ महिनादेखि १५ वर्ष उमेर समूहका बालबालिकालाई दादुराविरुद्धको खोप लगाइएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।अहिलेसम्म दादुराको प्रकोपबाट बाँकेको नेपालगञ्जमा एक जनाको मृत्यु भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । यही जेठ २४ गते काठमाडौँको गोकर्णेश्वर नगरपालिकामा देखिएको दादुरा नियन्त्रणमा आएको महाशाखाले जनाएको छ । दादुरा प्रकोप प्रभावित जिल्लामा हालसम्म दुई लाख १५ हजार ५४ जनालाई दादुराविरुद्धको खोप लगाइएको छ ।
बाल स्वास्थ्य तथा खोप शाखाले यही जेठ २५ गतेदेखि सुनसरी मोरङ, महोत्तरी, बर्दिया, दाङ, सुर्खेत, कैलाली, कञ्चनपुर र बाजुरा जिल्लाका छ महिनादेखि १५ वर्षमुनिका बालबालिकालाई दादुरा रुबेलाविरुद्धको खोप अभियान सुरु गरेको छ । दादुरा रुबेला रोग कोरोना भाइरसभन्दा पनि तीव्र गतिले फैलिने र मृत्युदर पनि उच्च रहेको छ । एक जना दादुरा सङ्क्रमितले १८ जनासम्म रोग सार्न सक्दछ । मन्त्रालायले यसअघि जति पटक खोप लगाए पनि अभियानका क्रममा खोप लगाउन आग्रह गरिएको छ ।महाशाखाले काठमाडौँका सबै स्वास्थ्य संस्था, निजी अस्पतालमा सक्रिय दादुराका बिरामी खोजी जारी राखेको जनाएको छ । यसै सबै स्वास्थ्य संस्था र निजी अस्पताललाई दादुराको शङ्कास्पद केस नगरपालिका र स्वास्थ्य सेवा विभागमा प्रतिवेदन पेश गर्न अनुरोध गरिएको छ । यस्तै दादुराको निगरानीको लागि सबै जिल्ला र नगरपालिका फोकल पर्सनलाई संवेदनशील हुनसमेत महाशाखाले अनुरोध गरेको छ ।

# कृषकलाई औषधी छर्किने मेसिन प्रदान




**मधेशदृष्टि**
**महोत्तरी ।**
गौशाला नगरपालिकाले ६ सय ३२ जना किसानलाई अनुदानमा खेवारीमा औषधी छर्किने मेसिन वितरण गरिएको छ ।
मंगलवार एक कार्यक्रमकाबीच ५० प्रतिशत अनुदान रकममा किसानहरुलाई मेसिन  वितरण गरिएको हो ।
औषधि छर्किने मेसिनलाई गौशाला नगरपालिकाले नगर भित्रमा किसानहरुको लागि प्याकेज ल्याएर किसानलाई खेतीपातीतर्फ आकर्षित गर्दै आएको नगरप्रमुख डा दिपेन्द्र महतोले बताए । नगरले किसानलाई लक्षित गर्दै खेतखेतमा पानीको बन्दोवस्त, विउ विजन, अनुदानमा मलखाद्य, बिउविजन, प्रदान गरेर नगर कृषिमैत्री बन्दै गएको नगरप्रमुख डा महतोले जानकारी दिएका छन् ।
गौशाला नगरपालिकाले १ हजार ५ सय ५ रुपैया लिई किसानहरुलाई सो टंकी उपलब्ध गराएको नगर कृषि शाखा प्रमुख कमला पौडेलले जानकारी दिईन् । सो टंकी चार्जको साथै हातबाट पनि चलाउन मिल्ने किसिमको रहेको अधिकृत पौडेलले जानकारी दिईन् । एक पटक चार्ज गरीसकेपछि लगभग ५ घण्टासम्म चल्ने समेत बताईन ।
सो कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत पूर्ण बहादुर के.सी, लेखा अधिकृत संजीव बराल, विपिन आचार्य, अशोक कुमार महतो, अजय कुमार कुशवाहा, नवीन कुमार महतो, कमला पौडेल, संजय कुमार ठाकुर, संचारकर्मी तथा किसानहरुको सहभागीता रहको थियो ।

# अन्तरप्रदेश चल्ने सवारीसाधनले संघबाटै अनुमति लिन अनिवार्य गरिँदै

**रासस**
**काठमाडौँ ।**
अन्तरप्रदेश सञ्चालन हुने सबै सार्वजनिक सवारीसाधनले सञ्चालनका लागि आवश्यक अनुमति र परीक्षण सङ्घीय सरकारअन्तर्गतका विभागमा गर्नुपर्ने भएको छ ।
अन्तरप्रदेश सञ्चालन हुने सवारीसाधनमा बाटो इजाजतपत्र, स्तर कायम, जाँचपास, प्रदूषण परीक्षण गर्ने अधिकार सङ्घीय सरकारको भए पनि अहिलेसम्म प्रदेशले नै गर्दै आइरहेको विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुले बताए । उनका अनुसार यात्रुवाहक र मालवाहक दुवै सवारीसाधनमा यो नियम लागू गराउन लागिएको हो । संविधानअनुसार अन्तरप्रदेश चल्ने सवारीसाधनको व्यवस्थापन विभागको कार्यक्षेत्र भए पनि प्रदेशअन्तर्गत कार्यालयहरूले काम गर्न नछाडेको उनले बताए । कार्यालयले सेवा लिन आएका सेवाग्राहीलाई अनुमति दिइरहेको उहाँले जानकारी दिए । विभागले अहिले यातायात व्यवसायीलगायत सबैलाई विभागमा बोलाएरै सङ्घीय कार्यालयबाट अनुमति लिन भनेको छ ।
उनले भने, 'सबै सरोकारवालालाई सम्झाउनका लागि अहिले परिपत्र गरिएको छ ।'
प्रदेशले सेवा दिए पनि सरकारलाई आउने राजस्व आइरहेको र नागरिकलाई पनि सजिलो भएकाले सङ्घीय कार्यालयबाटै अनुमति लिन बाध्य नगरिएको प्रवक्ता पनेरुले बताए । प्रदेशअन्तर्गतका कार्यालय सबै जिल्लामा भएकाले अहिलेसम्म सेवाग्राही पनि यातायात व्यवस्था कार्यालयमा नै गइरहेको उनले बताए । तर अन्तरप्रदेश चल्ने सवारीसाधनमा एउटाले दिएको अनुमति अर्को प्रदेशले नमान्न सक्ने हुँदा र कानूनको पालना गर्नुपर्ने हुँदा अब सङ्घले नै गर्ने उनको भनाइ छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन भोगबिलास गर्ने साधनहरु प्राप्त हुनेछ, धन तथा पुत्रको लाभ होला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मनमा उत्साह बढ्नेछ, नसोचेको स्थानबाट लाभ हुनेछ, पुत्र तथा पत्नीको साथ सहयोग प्राप्त होला।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
अनेक प्रकारका लाभ हुनेछ, धार्मिक कार्यमा मन जानेछ, उच्च पद तथा धन प्राप्त होला ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
वैदेशिक रोजगारको अवसर आउनेछ, शत्रु पक्ष कमजोर होलान् , हरेक प्रकारका सुख प्राप्त होला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
यात्रा गर्दा सावधानी अपनाउनु होला, कुनै मालसामान हराउन सक्छ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
लामो तथा छोटो दुरिको यात्रा गराउला, तर पनि वैदेशिक क्षेत्र भने कमजोर रहला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
पारिवारिक जीवन तथा प्रेम सम्बन्ध राम्रो हुनेछ। कुनै पनि मनोरञ्जनमा सहभागी भईएला।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
धार्मिक यात्राको योग बनेको छ, बौद्धिक कार्यमा सफलता मिल्नेछ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
कुनै पनि रचनात्मक कार्यमा मन जानेछ, धन तथा मानमा वृद्धि गराउला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन हर्ष उल्लासका साथ बित्नेछ, न्यायीक क्षेत्र बलवान् देखिन्छ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
प्रेमिकाको सहयोगले अधुरा काम पूरा हुनेछन् , धेरै समयपछि आत्मीयजन सँग भेट होला।

# एकल महिलाको हत्या गरी फरार भएका युवक पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा ४२ वर्षीया एकल महिलाको विभत्स हत्या गरी पोखरीको छेउमा शव गाडेर फरार भएका उनका २२ वर्षीय प्रेमी पक्राउ परेका छन् ।
पक्राउ पर्नेमा बाराको कलैया उपमहानगरपालिका-१८ घर भई जनकपुरधाममा बस्दै आएका मिस्त्रीको काम गर्ने २२ वर्षीय ओमलाल मण्डल रहेका छन् । उनी मृतक महिलाको प्रेमी रहेको खुलेको छ ।पक्राउ परेका युवकलाई जिल्ला प्रहरी कार्यालय धनुषाले मंगलबार पत्रकार सम्मेलनको आयोजना गरी सार्वजनिक गरेको छ ।
जेठ २८ गते आइतबार साँझ ५ बजेको समयमा धनुषाको मिथिलाबिहारी नगरपालिका वडा नम्बर-८ तारापट्टीस्थित स्व. रामचन्द्र दासको घर पछाडि २० मिटर दक्षिण पश्चिममा अवस्थित पोखरीको छेउमा गाडिएको एक मृतक व्यक्तिको लाश जंगली जनावरले खोस्रिएर देखिएको सूचना प्राप्त भएपछि तत्काल जिल्ला प्रहरी कार्यालयको टोली उक्त स्थानमा खटेको थियो ।
सड्न लागेको अवस्थामा मृतकको हात देखिएको र उक्त लाश पोखरीको दक्षिण पूर्वपट्टी पानीको सतह भन्दा १ फिटमाथि जमिनमा ४ फिट जति गाडिएको अवस्थाबाट उत्खनन् गरी सनाखत गराउँदा उक्त व्यक्ति स्व. रामचन्द्र दासको श्रीमति ४२ वर्षीया उषा दास रहेको खुलेको थियो ।घटनाको अनुसन्धानका लागि तत्काल मृतकका छोरा २० वर्षीय सोनु दास र बुहारी १८ वर्षीया मञ्जु दासलाई नियन्त्रणमा लिई अनुसन्धान गर्दै जाँदा घटना भएको मितिमा सोनु र मञ्जु कमला नगरपालिका-३ लग्मास्थित ससुराली घर गएका थिए ।
मृतकको घरमा समयसमयमा आउने जाने र बस्ने गर्दै आएका ओमलालको संलग्नता रहेको हुन सक्ने आशंका देखिएपछि उनको सुक्ष्म रुपमा खोजलास सुरु गरिएको थियो ।खोजतलाशको क्रममा उनको लोकेशन चितवनको हाकिम चोक देखिएको र तत्काल जिल्ला प्रहरी कार्यालय चितवनसँग सहकार्य गरी मण्डललाई नियन्त्रणमा लिई सोधपुछ गर्दै जाँदा ओमलाल र मृतक उषा दासबीच अनैतिक सम्बन्ध रहेको कुरा खुल्नमा आएको धनुषाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिए ।
ओमलाललाई उषाले पटक पटक बिबाह गर्न भनेपनि उनले नमानेर टाढा रहन खोज्दा पनि उनलाई महिलाले नै खोजेर जबरजस्ती घरमा ल्याउने गरेको कुरा अनुसन्धानको क्रममा खुलेको एसपी खड्काले बताए ।अनुसन्धानको क्रममा जेठ २५ गते बिहिबार राति ११ बजेको समयमा ओमलाल र उषाबीच बिबाहकै विषयमा विवाद हुँदा ओमलालले एक थप्पड हानेपछि उषा बाहिर निस्केर भाग्न लाग्दा घाँटी थिचेर मारेको कुरा स्वीकार गरेको उनले जानकारी दिए ।
उषाको मृत्यु भएपछि उनको शवलाई पोखरीको छेउमा लगेर खाल्डो खनि चाँडो सडाउनका लागि कपडा खोलेर मृतकलाई खल्डोमा गाडी महिलाले प्रयोग गर्ने मोबाईल समेत पोखरीमै फालेर ओमलाल भागेका थिए ।
मृतकको शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पतालमा राखेर अन्य थप अनुसन्धान कार्य जारी रहेको धनुषा प्रहरीले जनाएको छ ।

# बर्दिबासमा मेडिकल कलेज निर्माणको बाटो खुल्यो

**मधेशदृष्टि**
**महोत्तरी ।**
बर्दिबास मेडिकल कलेजविरुद्ध सर्वोच्च अदालतमा परेको रिट खारेज गरिएपछि अब निमार्ण प्रक्रियामा जाने भएको छ ।
अदालतले सोमबार रिट नै खारिज गरेसँगै महोत्तरीको बर्दिबासमा एक हजार बेडको सरकारी मेडिकल कलेज निर्माणको बाटो खुलेको हो ।
बर्दिबास मेडिकल कलेज पूर्वधार निर्माण विकास आयोजनाका निर्देशक देवीप्रसाद सुवेदीका अनुसार अदालतमा परेको रिट किनारा लागेपछि रोकिएको निर्माण प्रक्रिया अघि बढेको छ । चुरेका वन मासेर कलेज निर्माण सुरु गरेको भन्दै परेको रिट निवेदन र स्थलगत अवस्थामा सत्यताको तालमेल नभएपछि अदालतबाट रिट नै खारेज गरिएको छ ।धनुषाका वातावरण अभियन्ता देवनारायण मण्डलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर गरेको रिट ५ नम्बर इजलासका न्यायधिश तिलप्रसाद श्रेष्ठ र प्रकाशमान सिंह राउतको सयुक्त इजलासले सोमबार रिट नै खारेज गरेको थियो । २०७८ फाल्गुण तेस्रो साता सर्वोच्चका न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र टंकबहादुर मोक्तानको संयुक्त इजलासले बर्दिवास मेडिकल कलेज खोल्न प्रस्तावित वन क्षेत्रको जग्गामा रहेका सम्पदामा प्रतिकूल असर पर्ने कुनै कार्य नगर्न, नगराउन अन्तरिम आदेश दिएको थियो । पूर्व शिक्षा मन्त्री गिरिराजमणी पोखरेलले लामो प्रतिक्षापछि सर्वोच्चले स्थानीयवासीन्दाहरुको स्वास्थ्य शिक्षामा पहुँच पुर्‍याउन लिएको निर्णय स्वागतयोग्य रहेको जनाए। मधेश प्रदेशको मध्य भाग बर्दिबासमा बन्न लागेको मेडिकल कलेजले बागमती प्रदेशको पहाडी क्षेत्र र मधेश प्रदेशबासीका लागि स्वास्थ्य उपचार तथा मेडिकल शिक्षामा सहज पहुँच हुने बर्दिबास नगरपालिका पूर्व मेयर विदुर कुमार कार्कीले जनाए ।कलेज निर्माणका लागि जग्गा प्राप्तिको फाइल वन तथा वातावरण मन्त्रालयमा पुगेको छ। अब वन मन्त्रालयले मन्त्री परिषद्को बैठकमा सो फाइल सदर गर्नु पर्ने काम छ । मेडिकल कलेज निर्माणको लागि अर्थ मन्त्रालय स्रोत सुनिश्चितता गर्नु पर्छ। १४ अर्ब लागतमा निर्माण हुने कलेजका लागि ५४.५८४ हेक्टर जग्गा सरकारले उपलब्ध गराउनु पर्ने आयोजना निर्देशक सुवेदीको भनाइ छ ।

# बलात्कार आरोपमा पुरुष गिरफ्तार

**मधेशदृष्टि**
**महोत्तरी ।**
२१ वर्षीय महिलालाई बलात्कार गरेको आरोपमा वर्दिवास नगरपालिका १० बस्ने ४५ वर्षीय सोम बहादुर थिंगलाई गिरफ्तार गरिएको छ । इलाका प्रहरी कार्यालय बर्दिवासले जनाए अनुसार पीडितले जेष्ठ २९ गते दिएको उजुरीको आधारमा आरोपीतलाई सोहि दिन गिरफ्तार गरिएको हो ।
पीडितलाई ६ महिना अघि बलात्कार गरेको भएपनि जेष्ठ २९ उजुरी परेपछि सोही दिन पीडितको स्वास्थ्य परिक्षण वर्दिवास अस्पतालमा गराइएको र आरोपितलाई पनि बजारमा घुम्दै गरेको अवस्थामा गिरफ्तार गरिएको प्रहरीले जनाएको छ । थिङले ती महिलालाई बर्दिबास नगरपालिका-१० खैरमारा स्थित झोरा खोला छेउको जङ्गलमा बलात्कार गरेको उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बर्दिबासबाट खटिएको प्रहरीले उनलाई गिरफ्तार गरेको हो । यस घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# डिआईजी भट्टराईद्वारा जिल्ला प्रहरी रौतहट निरीक्षण

**संजय मिश्रा**
**रौतहट ।**
मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामको हालै कमान्ड सम्हालेका डिआईजी जनक भट्टराईले प्रहरी संगठनको छवि उच्च बनाउन  निर्देशन दिएका छन् । मधेस प्रदेश प्रहरी प्रमुखको जिम्मेवारी पाएपछि औपचारिक रूपमा पहिलोपटक जिल्ला प्रहरी कार्यालय रौतहटको निरिक्षण पश्चात् डिआईजी भट्टराईले उक्त निर्देशन दिएका हुन् । उनले  एसपी देखि प्रहरी जवानसम्म  सम्पुर्ण प्रहरी कर्मचारी पुर्ण अनुशासित हुने,चेन अफ कमान्डको पालना गर्ने गराउने ,समाजमा अपराध न्यूनीकरण तथा शान्ति सुरक्षा कायम गर्ने,तस्करी नियन्त्रण स्थानीय सुरक्षा निकाय जिल्ला स्थित अन्य सरकारी निकाय तथा स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिएका छन् । त्यसैगरी डिआईजी जनक भट्टराईले भिआईपिको भरपर्दो सुरक्षा ब्यस्था



गर्ने,समुदायमा रहेका हरेक स्तरको मानिसको गुनासो सुन्ने ,महिला बालबालिका तथा बिपन्नलाई बिशेष प्राथमिकतामा राख्ने,सामुदायिक कार्यक्रम मार्फत समाजमा जनचेतना फैलाउने ,अपराध अनुसंधान तथा उजुरी छलफलमा बिचौलियाको प्रभाव न्यून बनाउने ,प्रहरी संगठनको छवि उच्च बनाउने काम गर्ने जस्ता महतवपूर्ण निर्देशन दिएको रौतहट प्रहरी प्रमुख एसपी बिरबहादुर बुढामगरले बताएका छन् ।
डिआईजी भट्टराईले मंगलबार जिल्ला प्रहरी कार्यालय सगै प्रहरी बिद्यालय जिङडीयाको समेत स्थलगत अनुगमन निरीक्षण गरेका थिए। उक्त अवसरमा जिल्ला प्रहरी कार्यालय देखि मातहतका सम्पुर्ण प्रहरी युनिटको प्रमुखहरुको सहभागिता रहेको ईलाका प्रहरी कार्यालय गरुडाका प्रमूख डिएसपी ओम प्रकाश खनालले जानकारी दिएका छन् ।

# जनकपुरधाम सुशासन क्षेत्रमा मधेश प्रदेशमै पहिलो

**कमल साह**
**जनकपुरधाम ।**
जनकपुरधाम उप महानगरपालिकाले सुशासन क्षेत्रमा मधेश प्रदेशमै पहिलो स्थान प्राप्त गरेको ले अगामी आर्थिक वर्षमा बजेट बढी पाउने भएको छ ।
स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (लिजा) र स्थानीय तह वित्तिय सुशसान जोखिम मूल्यांकन (फरा) मा जनकपुरधाम उपमहानगरपालिकाले उच्च स्थान ल्याउन सफल भएको छ ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक वर्ष २०७८/०७९ का लागि गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा प्रथम स्थान ल्याउन सफल भएको छ । मधेश प्रदेशको १३६ वटै पालिकामा जनकपुरधाम उपमहानगर ९ अंक ल्याई ल्याई पहिलो स्थान ल्याउन सफल भएको छ । यसमा दोश्रो स्थान महोत्तरीको बलवा नगरपालिका रहेछ । बलवा नपाले ८ दशमलव २५ अंक ल्याउन सफल भएको छ ।प्रदेशको एक मात्र महानगरपालिका वीरगंजले ५१ दशमलव ५ अंक ल्याई ६३ औं स्थानमा रहेको छ ।
लिजामा सबभन्दा कम अंक पर्साका बिन्दवासिनी गाउँपालिकाले १३ दशमलव २५ अंक ल्याई १२३ औं स्थानमा रहेको छ । यो मूल्यांकनले समग्र स्थानीय तहको तुलनात्मक अध्ययन गर्दछ ।
मेयर मनोज कुमार साह ले संघीय सरकार र प्रदेश सरकारबाट स्थानीय तहमा अनुदानका रकम यही अंकको आधारमा वितरण गरिन्छ बताउछन् । उनले लिजामा मूल्यांकन गर्दा १० वटा विषयगत क्षेत्र (शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, विषयगत बजेट तथा योजना व्यवस्थापन, वित्तीय तथा आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण तथा विपद् व्यवस्थापन र सहकार्य तथा समन्वय) आधार लिइनेगरिन्छ बताए ।सेवा प्रवाह क्षेत्रलाई सबैभन्दा बढी १६ तथा सहकार्य तथा समन्वय क्षेत्रलाई सबैभन्दा कम ६ अंक राखिएको छ ।
यसैगरी अन्य विषयगत क्षेत्रहरू क्रमशः संगठन तथा प्रशासनलाई ९, शासकीय प्रबन्धलाई ८, वार्षिक बजेट तथा योजनालाई ११, वित्तीय तथा आर्थिक व्यवस्थापनलाई ११, न्यायिक कार्यसम्पादनलाई ७, भौतिक पूर्वाधारलाई १३, सामाजिक समावेशीकरणलाई १० र वातावरण तथा विपद् व्यवस्थापनलाई ९ गरी जम्मा १०० अंकभार रहेको मेयर साह ले जनाउनु भयो ।
जनकपुरधाम उपमहानगरपालिकाले संगठन तथा प्रशासनमा ६.५, शासकीय प्रबन्धमा ८, वार्षिक बजेट तथा योजनामा ८.५, वित्तीय तथा आर्थिक व्यवस्थापनमा ९.५, सेवा प्रवाहमा १५, न्यायिक कार्यसम्पादनमा ७, भौतिक पूर्वाधारमा १२.५, सामाजिक समावेशीकरणमा ८, वातावरण तथा विपद् व्यवस्थापनमा ९ र सहकार्य तथा समन्वयमा ५ गरी ८९ अंक ल्याएको मेयर साहले जानकारी गराए ।
मधेश प्रदेशका १३ वटा पालिका परिक्षणमै परेका छैनन । परिक्षणमा नपर्दा कुनै अंकविहिन भएका छन् । त्यसमा सप्तरी जिल्लाका विष्णुपुर गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका, धनुषाका औरही गाउँपालिका, क्षिरेश्वरनाथ नगरपालिका, महोत्तरीका सोनमा गाउँपालिका, सर्लाहीका बलरा नगरपालिका, मलंगवा नगरपालिका, पर्सा गाउँपालिका, रामनगर गाउँपालिका, गरुडा नगरपालिका, गुजरा नगरपालिका, फतुवा विजयपुर नगरपालिका र पर्साका कालिकामाई गाउँपालिकाले कुनैपनि अंक ल्याउन सकेको छैन ।त्यस्तै स्थानीय तह वित्तिय सुशासन जोखिम ( फरा) मा जनकपुरधाम उपमहानगरपालिका ले ७६ अंक ल्याई दोश्रो स्थान पाउन सफल भएको छ । फरामा पहिलो स्थान सर्लाहीको लालबन्दी नगरपालिका पाएको छ । लालबन्दीले ७९ अंक ल्याएको छ ।फरामा तेश्रो स्थान प्राप्त गर्ने रौतहटको परोहा नगरपालिका रहेको छ । पपरोहा ले यसमा ७६ अंक ल्याएको छ ।
फरामा पनि वीरगञ्ज महानगरपालिका पछाडी रहेको छ । वीरगञ्ज नगरपालिकाले ६१ अंक ल्याई २० औं स्थानमा रहेका छ ।आर्थिक रुपले सम्पन्न वीरगंज महानगरपालिका लिजा र फरा दुवैमा कम अंक ल्याउनुले जनप्रतिनिधिको कार्यक्षमतामा प्रश्न उठने गरेको छ ।फरामा मधेशका ८२ वटा पालिकाको मात्र मूल्यांकन गरिएकोछ । त्यसमा सबभन्दा कम अंक महोत्तरीका एकडारा गाउँपालिका २ अंक ल्याएको छ् । मधेशका १३६ पालिका मध्ये ५३ वटाको परिक्षण नै गरिएको छैन ।सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वित्तिय जोखिम न्यूनीकरण गर्न प्रत्येक वर्ष मूल्यांकन गर्दै आएका छन् । त्यस मूल्यांकनको आधारमा संघीय सरकार तथा प्रदेश सरकारले दाताहरुबाट दिने अनुदान वितरण गर्ने गर्छन् ।
स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत् र प्रभावकारी बनाउन तथा वित्त व्यवस्थापनका सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र यसको लेखाजोखा गर्ने उद्देश्य फरा को रहे छ । स्थानीय तहले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमसहितको कुल राजस्व रकमबाट आफ्नो सम्पूर्ण प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण कार्यमा उपयोग गर्ने विषयलाई पनि सूचकमा राखिएको जनाएको छ । यसमा प्रक्रियाको ५३ प्रतिशत भार अनुपात, नतिजाको १३ प्रतिशत भार र वित्तीय अनुशासनको ३४ प्रतिशत भार अनुपात रहेको छ ।जनकपुधाम उपमहानगर पालिका का मेयर साह ले स्थानीय तहले पाउने अंकको आधारमा जोखिमलाई तीन तहमा विभाजन गरिनेछ । ४० सम्म अंक भार पाउनेलाई उच्च जोखिम, ४० देखि ८० सम्मको अंक भार पाउनेलाई मध्यम जोखिम र ८१ भन्दा माथि पाउने स्थानीय तहलाई न्यून जोखिम भएको मानिने बताए ।
प्रत्येक वर्षको असार १० भित्र वार्षिक बजेट, आर्थिक ऐन सभामा पेश गर्ने र असार मसान्तसम्म सभाबाट पारित भएको, आगामी आर्थिक वर्षका लागि आय व्ययको प्रक्षेपण गरी यस सम्बन्धी प्रतिवेदन प्रत्येक वर्षको पौष मसान्तसम्म संघको अर्थमन्त्रालयमा पेश हुनेसम्मको सय सूचक छन् ।

## सानो पाइला बचत तथा ऋण सहकारी सम्बन्धि अत्यन्त जरुरी सूचना

यस महानगरपालिकामा दर्ता रहेको वडा नम्बर १० आदर्शनगर स्थित सानो पाईला बचत तथा ऋृण सहकारी संस्था लिमिटेडले बचतकर्ताहरुको बचत रकम फिर्ता नगरेको, फिर्ता गर्न नसकेको भनी २० जना भन्दा वढि सदस्यहरुले यस महानगरमा आवेदन पेश गरेकोमा आर्थिक विकास समितिका पदाधिकारीहरु र सहकारी शाखाका कर्मचारीहरुलाई यथार्थ वुझ्न खटाइएकोमा यथार्थ विवरण नदिइएको, संचालकहरुलाई नगरकार्यपालिकामा पटक पटक छलफलमा बोलाउदा पनि उपस्थित नभएको र सो संस्था, सहकारी ऐन तथा नियमावली बमोजिम समस्याग्रस्त रहेको बुझिएकोले त्यस संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्नु नपर्ने भए यो सूचनाको मितिले ७ दिन भित्र आवश्यक कागजात सहित महानगरपालिकामा उपस्थित हुन सूचित गरिन्छ ।

वीरगंज महानगरपालिका



**चाहे समाजको अगुवा होस्,**
**घरको अगुवा होस्**
**या देशको अगुवा किन नहोस्**
**उसले नीतिशास्त्रको पालना गर्नु पर्दछ।**
- चाणक्य

## सम्पादकीय

# अधिकारको दुरूपयोग नगर !

नेपालको संविधानले महिलाहरुको हकमा कडा कानूनको व्यवस्था गरेको छ। नाबालिकको हकमा त झनै कडा सजायको व्यवस्था छ । महिला हिंसा, बलात्कार जस्ता घटनाहरुको लागि नेपालको संविधानले सुरक्षित गरेको अधिकार अहिलेपनि कमै हो भनेर आवाज पनि उठि रहेको छ। जवरजस्ती करणी मुद्दामा 'पीडितको भनाई नै सर्वाधिक महत्वको रहन जाने कुरामा विमति हुन नसक्ने' भनि संविधानमा उल्लेख नै गरिएको छ।

हिंसाको हकमा सजाय भन्दा पनि जबरजस्ती करणी गर्ने विरुद्ध झन कडा सजाय छ। दश वर्षभन्दा मुनीकी बालिका भए १० देखि १५ वर्षसम्म, १० वर्ष वा सो भन्दा बढी १४ बर्ष भन्दा कम उमेरकी बालिका भए ८ वर्ष देखि १२ बर्ष सम्म, १४ वर्ष वा सो भन्दा बढी १६ बर्षभन्दा कम उमेरकी बालिका भए ६ देखि १० वर्ष सम्म, १६ वर्ष वा सो भन्दा बढी २० वर्ष भन्दा कम उमेरकी महिला भए ५ वर्ष देखि ८ बर्षसम्म, २० वर्ष वा सो भन्दा बढी उमेरकी महिला भए ५ देखि ७ बर्ष सम्म सजायको व्यवस्था गरेको छ।

यहाँसम्म कि अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि लोग्नेले स्वास्नीलाई जवर्जस्ती करणी गरेमा ३ महिना देखि ६ महिनासम्म सजायको व्यवस्था गरिएको छ । श्रीमान् श्रीमतीबीच पनि जबरजस्ती करणी, बलात्कार जस्ता घटनाहरु हुन सक्ने भनि महिलाको हकमा नेपालको संविधानले साजयको व्यवस्था गरेको छ। तर यि अधिकारहरुलाई महिलाहरुबाटै दुरुपयोग हुन्छ भने कसैले कल्पना पनि गरेको थिएन । सायद त्यसैको परिणाम अहिले महिलाको सुनिश्चित अधिकारलाई हतियारको रुपमा प्रयोग गर्ने गरिएको घटनाहरु सार्वजनिक हुन थालेको छ। मधेश प्रदेशमा सबै भन्दा बढि यो अधिकारको दुरुपयोग हुने गरेको घटनाहरु दिनदिनै सार्वजनिक भइरहेको छ। राजनीतिक प्रतिशोध होस्, आपसी रिसिबी होस् वा कसैको उक्साहटमा पैसा लिने सोच होस, यस्ता परिवेशमा महिला अधिकारको दुरुपयोग हुने गरेको पाइएको छ।

मधेश प्रदेशका जिल्लाहरुमा हुने गरेको यस्ता प्रकृतिका मुद्दाहरु अधिकाँश बनावटी, झुठो हुने गरेको छ तर पीडकको कुरा कसले सुन्ने ? सिधै कारागार पठाउने गरिएको छ। महिला हिंसा, जबरजस्ती करणी जस्ता घटनाहरुमा महिलाहरुले बोलेको नै आधार हुन्छ, महिलाकै कुरा सुनेर पुरुषलाई थुन्ने, मुद्दा चलाउने, पीडकको कुरा नै नसुन्ने जस्ता थुप्रै घटनाहरु हुन थालेको छ । जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गराउने पीडित भन्ने महिलाहरुले आफै कपडा च्यात्ने, झुठो गवाह खडा गर्ने, बलात्कार जस्तो प्रकृति देख्ने गरि घटनाको झुठो प्रमाण खडा गर्ने क्रियाकलापहरु भइरहेको छ।

यस्ता घटनाहरुमा प्रहरीको साथसाथै न्यायालय पक्षबाट पनि पक्षपात हुने गरेको छ । एकातर्फ नेपालको कानूनले '१०० दोषी छुटोस् तर एक निर्दोष' सजायको भागिदार होस् भन्छ । तर यहाँ संविधानले नै सुरक्षित गरेको अधिकारको दुरुपयोग गरि निर्दोष व्यक्तिलाई कारागारसम्म पुऱ्याउने काम भइरहेको छ। यसमा न्यायालले पनि जानी जानी चुकि रहेको छ। न्यायालयले कागजलाई आधार बनाई दोषी निर्दोष प्रमाणित गर्ने गरेको छ तर यस्ता घटनामा विवेकको पनि प्रयोग गर्नुपर्ने अवस्था सृजना भएको छ।

संविधानले सुरक्षित गरेको अधिकारको दुरुपयोग हुनुले भोलिका दिनमा वास्तविक घटना भएपनि त्यसमा पीडितको पक्षमा न्याय हुन नसक्ने अवस्था आउन सक्छ । त्यसैले समयमा सचेत होउ, संविधान सुरक्षित गरेको अधिकारसँग खेलवाड नगरौं।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# रक्तदानको महत्व र रक्तदाता दिवस

रगतको पनि निश्चित अवधि हुन्छ, त्यसपछि ब्लड बैंकमै पुरानो भएर खराब हुने पनि हुन्छ । यसरी खराब हुन पुगेको रगत ब्लड बैंकले कसैलाई पनि दिँदैन । यसबाट यो देखिन आउँछ कि आवश्यकलाई रगत उपलब्ध गराउने ब्लड बैंक आफैँमा एउटा निकै सम्वेदनशील र गहन जिम्मेवार संस्था हो ।
संसारमा हरेक दिन रक्तदान अर्थात् रगत दिने काम भइरहन्छ । रगत दिने मात्र होइन कि रगत लिने काम पनि संसारभर चलिरहन्छ । रक्तदान दुई अवस्थामा भएको पाइन्छ । पहिलो स्वैच्छिक र दोस्रो बाध्यात्मक । स्वैच्छिक रक्तदान निरन्तर भइरहेको पाइन्छ । मुख्य गरी सहरी तथा शिक्षित मानिसहरुको बसोवास रहेको क्षेत्रमा यससम्बन्धी चेतनशील मानिसहरुले रक्तदान गरिरहन्छन् । यस्तो ठाउँमा रक्तदान शिविर वा रक्तदान कार्यक्रम जस्तो कुनै न कुनै कार्यक्रमको आयोजन भइरहन्छ । आयोजकले पहिले नै सामाजिक संजाल वा अन्य माध्यमले संस्थाका निकटका मानिसहरुलाई जानकारी गराइसकेको हुन्छ । सर्वसाधारणले पनि थाहा पाउँछन् र रक्तदान भइरहेको ठाउँमा उपस्थित हुन्छन् ।



• सञ्जय साह मित्र

मानव शरीरमा करिब पाँच लिटर रगत हुन्छ भनिन्छ। यो एक प्रौढ मानिसको सामान्य अवस्थामा हुने रगतको परिमाण हो ।
शरीरमा रगतको निर्माण हुने आफ्नै प्रक्रिया छ। कसैले मेरो शरीरमा यत्ति धेरै रगत हुनुपर्छ भनेर हुँदैन। हो, रगत वृद्धि गर्ने खाद्यतत्वहरुको उचित संयोग यदि भोजनमा हुन सक्यो भने प्राकृतिक रुपमा नै शरीरमा केही मात्रामा रगतको परिमाणमा वृद्धि हुन सक्छ। तर शरीरमा रगत अनेक कारणहरुले कम हुन सक्छ।
रक्तअल्पता भन्ने रोग लागेर मानिसमा रगतको अभाव हुन सक्छ। कुनै कारणले आन्तरिक रक्तस्राब पनि हुन सक्छ। साथै घाउचोट लागेर वा अन्य विरामीको कारणले शरीरमा रगतको कमी हुन सक्छ। शरीरमा रगतको कमी हुनुले शरीरलाई अप्ठ्यारो पर्न सक्छ। शरीरलाई जति रगत चाहिएको हुन्छ, त्यत्ति शरीरभित्र नहुनु भनेको शरीरलाई कार्य संचालनमा सहज अवस्था नहुनु हो। शरीरलाई सन्तुलनमा राख्न रगतको ठूलो भूमिका हुन्छ। यसर्थ रगतको मात्रा वा परिमाण शरीरमा उचित बनाइराख्नु आवश्यक हुन्छ।
अस्पतालमा विभिन्न कारणले डाक्टरले रगत चढाउनु पर्ने बताउँछन्। कारण अनेक हुन सक्छन् तर मुख्य कारण भनेको शरीरमा रगतको अभाव नै हो। शरीरमा रगतको अभाव भएपछि चिकित्सकले आवश्यक मात्रामा रगत चढाउनको लागि रगतको व्यवस्था गर्न विरामी वा आफन्तलाई भन्दछन्। अधिकांश जिल्ला अस्पतालहरुमा एउटा ब्लड बैंक हुन्छ। अस्पतालमै नभए पनि अस्पतालको छेउछाउमा यस्तो व्यवस्था गरिएको हुन्छ। सम्भवतः रेडक्रसले ब्लड बैंकको संचालन तथा व्यवस्थापन गरेको हुन्छ।
विरामीका आफन्त सोझै ब्लड बैंकमा रगतको लागि पुग्दछन्। ब्लड बैंकमा रगत छ भने दिइहाल्न खासै गाह्रो हुँदैन तर जुन ग्रुपको रगत खोजेको हो, त्यसको अभाव छ भने फेरि अप्ठ्यारो हुन्छ। अप्ठ्यारो यस मानेमा कि रगत छ तर समूह मिल्दैन। समूह नमिलेपछि जसलाई रगत चाहिएको हो, उसको रगत समूह मिल्ने अरुले रगत दिनुपर्ने हुन्छ।
रगत दिएर मात्र पुग्दैन। एउटाले रगत दियो र अर्कोमा लगेर चढायो भन्ने हुँदैन। एउटाले रगत दिएपछि अर्कोलाई रगत चढाउने बेलासम्म रगतको अनेक परीक्षण गरिएको हुन्छ। रगतमा कुनै गम्भीर रोगको लक्षण छ कि भनेर हेरिन्छ। एउटाको रगत सोझै अर्कोलाई चढाउँदा, समूह मिलेको भए पनि, एउटामा यदि कुनै गम्भीर रोगको लक्षण छ भने त्यो सोझै रगतमार्फत अर्कोमा सर्न सक्ने सम्भावना रहन्छ। यसकारण सम्भव भएसम्म यस्तो सम्भावनालाई न्युन गर्न ब्लड बैंकले रगतको परीक्षण गरेको हुन्छ। रगतको परीक्षणको क्रममा यदि रगतमा कुनै रोगको लक्षण देखिन्छ भने त्यो रगत अरुलाई चढाउनको लागि अयोग्य हुन जान्छ। र, जसको रगत निकालिएको हुन्छ, उनलाई जानकारी गराइन्छ कि रगतमा अलिकति शंका लागेको छ, कृपया एकचोटि आफ्नो रगत परीक्षण गराउनु होला।
ब्लड बैंकले यसरी निकै महत्वपूर्ण काम गरिरहेको हुन्छ। रगत संकलन गर्ने, त्यसलाई परीक्षण गर्ने, रक्तदातालाई जानकारी दिने, रक्तदातालाई रगत दिएको प्रमाणपत्र दिने, रगतको समूह छुट्याउने, आवश्यक परेकालाई रगत उपलब्ध गराउने, रगतमा कुनै रोगको लक्षण देखिएको खण्डमा सम्बन्धित रक्तदातालाई जानकारी दिने, रक्तदान गर्न चाहनेको रगत लिने, रगतको भन्डारण गर्नेजस्ता महत्वपूर्ण कामहरु गरेर ब्लड बैंकले निकै ठूलो सेवा गरेको हुन्छ। ब्लड बैंकले लिएको रगत सधैँभरि राखिरहँदैन। रगतको पनि निश्चित अवधि हुन्छ, त्यसपछि ब्लड बैंकमै पुरानो भएर खराब हुने पनि हुन्छ। यसरी खराब हुन पुगेको रगत ब्लड बैंकले कसैलाई पनि दिँदैन। यसबाट यो देखिन आउँछ कि आवश्यकलाई रगत उपलब्ध गराउने ब्लड बैंक आफैँमा एउटा निकै सम्वेदनशील र गहन जिम्मेवार संस्था हो।
संसारमा हरेक दिन रक्तदान अर्थात् रगत दिने काम भइरहन्छ। रगत दिने मात्र होइन कि रगत लिने काम पनि संसारभर चलिरहन्छ। रक्तदान दुई अवस्थामा भएको पाइन्छ। पहिलो स्वैच्छिक र दोस्रो बाध्यात्मक। स्वैच्छिक रक्तदान निरन्तर भइरहेको पाइन्छ। मुख्य गरी सहरी तथा शिक्षित मानिसहरुको बसोवास रहेको क्षेत्रमा यससम्बन्धी चेतनशील मानिसहरुले रक्तदान गरिरहन्छन्। यस्तो ठाउँमा रक्तदान शिविर वा रक्तदान कार्यक्रम जस्तो कुनै न कुनै कार्यक्रमको आयोजन भइरहन्छ। आयोजकले पहिले नै सामाजिक संजाल वा अन्य माध्यमले संस्थाका निकटका मानिसहरुलाई जानकारी गराइसकेको हुन्छ। सर्वसाधारणले पनि थाहा पाउँछन् र रक्तदान भइरहेको ठाउँमा उपस्थित हुन्छन्।
जसकसैले रक्तदान गर्न पाउँदैनन्। कुनै पनि कारणले ज्वरो आएको, पहिलेदेखि रगतसम्बन्धी कुनै औषधिको सेवन गरिरहेको, ब्लड प्रेसर लो भएको वा ब्लड प्रेसर हाई भएको मानिसले रक्तदान गर्न पाउँदैन वा हुँदैन।
रक्तदानमा उमेरगत सीमा पनि हुन्छ। शरीरमा आवश्यक मात्रामा रगत भएको नभएको पनि हेरिन्छ। सम्भवतः रक्तचापको परीक्षण गर्दा नै यो थाहा हुन्छ होला। पहिलोचोटि स्वैच्छिक रक्तदान गर्दा धेरैको मनमा डर लागिरहन्छ वा मनमा अनेक शंका उब्जन्छ तर शरीरमा करिब पाँच लिटर रगत हुन्छ जसमध्ये अलिकति मात्र निकाल्ने हुन्छ। शरीरको रगत निकाल्दा शरीरलाई रगतको कमी नहुने गरी तथा रगत निकाल्दा शरीरलाई कुनै किसिमले हानि नोक्सानी नहुने गरी नै निकाल्ने प्रबन्ध गरिएको हुन्छ। बाध्यात्मक रक्तदान पनि दुई अवस्थामा हुन्छ। पहिलो त कोही आफन्तलाई रगतको आवश्यकता परेमा र उक्त समूहको रगत ब्लड बैंकमा नभएमा जसको मेल खान्छ, उसलाई आग्रह गरिन्छ र तिनले दिनुपर्छ। साथै, कहिलेकाहीँ ब्लड बैंकमा रगतको अभाव छ भने एउटाले दिएर मात्र अर्को रगत त्यहाँबाट लिन पाइन्छ। यस्तो अवस्था ब्लड बैंकहरुमा प्रायः आइरहन्छ।
ब्लड बैंकबाट कसैले रगत लिँदा कतै कतै अलिकति पैसा तिर्नुपर्ने चलन छ। वास्तवमा ब्लड बैंकले निशुल्क रगत उपलब्ध गराउन सके हुन्थ्यो तर केही सीमाहरु स्वाभाविक रुपमा बन्दछन्। ब्लड बैंक संचालन गर्ने संस्था, मुख्य गरी रेडक्रस, सित आफ्नो चिकित्सक तथा सुविधा सम्पन्न ल्याबको अभाव नै छ। कतैबाट संकलित रगतलाई विभिन्न किसिमको परीक्षण गर्नुपर्ने हुन्छ। परीक्षण नगरी कसैको रगत कसैलाई जस्ताको तस्तै चढाइनु हुन्न। कतिपय अवस्थामा रक्तदातालाई रगतमार्फत अरुलाई सर्ने सरुवा रोग लागेको पत्तो नहुन पनि सक्छ। यदि यस्तो रगत अन्य स्वस्थ व्यक्तिमा चढाइन पुग्दा रगतमा भएको विकार वा रोग रगत चढाएको मानिसमा रगतमार्फत सर्ने सम्भावना वा खतरा रहन्छ। यसकारण ब्लड बैंकमा आएको रगतको विभिन्न किसिमको परीक्षण गर्दा जुन खर्च पर्दछ, सोको जानकारीका लागि पनि ब्लड बैंकले रगत लिनेसित अलिकति रकम लिएको हुन्छ। रगत परीक्षणमा बाहिर जति खर्च पर्दछ, त्यसभन्दा निकै कम मूल्य परीक्षणको त्यस रगतमा जोडिएको हुन्छ। फेरि पनि सबै ठाउँमा ब्लड बैंकले पैसा लिन्छ नै भन्ने होइन। कतिपय संघसंस्थाले रगतको परीक्षणमा सहयोग गरेका हुन्छन् र अत्यन्त विपन्नलाई रेडक्रसले सहयोग गर्ने हुनाले सहयोग जुटाउने काम पनि गरेको हुनुपर्छ तर सामान्यावस्थामा रगतको परीक्षण शुल्क रगत लिने मानिस वा तिनका आफन्तले तिर्नु राम्रो हुन्छ ताकि यस्तै आवश्यकता परेका अरुलाई पनि रगत परीक्षण गर्न ब्लड बैंकलाई धेरै अप्ठ्यारो नपरोस् वा अलिकति भए पनि सहयोग पुगोस्।
भनिन्छ - रक्तदान जीवनदान। रगतको अभावमा मृत्युको मुखमा पुगेका लागि त रक्तदान जीवनदान हो नै। जीवन सदैव अमूल्य हुन्छ र हुनुपर्छ। यदि जीवन बचाउन कसैलाई रगतको आवश्यकता परेको छ भने आफ्नो एक पिन्ट रगत दिनलाई अलिकति पनि हिच्किचाउनु हुँदैन। एक पिन्ट रगतले सामान्य अवस्थामा, एउटा सामान्य नागरिकलाई कुनै असर पुऱ्याउँदैन। कसैकसैले दर्जनौँ पटक रक्तदान गरेका छन्। यो पनि सत्य हो कि कसैले बिनाकाममा रगत लिँदैन। डाक्टरले जसकसैलाई पनि रगत चढाउनु छ भनेर सिफारिश गर्दैनन्। शरीरमा अति आवश्यक भएका मानिसलाई रगतको सिफारिश चिकित्सकले गर्दछन्। यो गम्भीर विषय हो। जयसलाई सिफारिश गरिएको हुन्छ, तिनले रगत लिने हो। यसबाट यो पनि स्पष्ट हुन आउँछ कि जसलाई रगतको आवश्यकता पर्दछ, उसले आफ्नो रगत आफूलाई दिन वा आफैँले लिन पाउने अवस्था हुँदैन। अरुकै रगत उसले लिनुपर्छ तर यदि रक्तदान गरेको वा नियमित रुपमा गर्ने गरेको छ भने उसलाई ब्लड बैंकमा कुनै झमेला हुँदैन अर्थात् सजिलो गरी तिनले ब्लड बैंकबाट आफ्नो लागि वा आफ्नो परिवारको लागि रगत पाउन सक्ने अवस्था रहन्छ।
रक्तदानलाई जीवनदान मान्ने परिपाटी विस्तारै स्वीकृत हुँदैछ। रक्तदान यदि जीवनदान हो भने रक्तदाता चाहिँ जीवनदाता हुन् भन्दा खासै फरक नपर्ला। यसरी भन्दा रक्तदाताको स्वाभाविक सम्मान बढेको हुन्छ। रक्तदाताको सम्मान बढ्नु भनेको जसले रगत लिएको छ, उसको सम्मान नबढ्नु वा घट्नु भन्ने होइन। यस्ता धेरै मानिस छन् जसले कुनै कारणले ब्लड बैंकको रगत लिएका छन् र जीवित छन्, स्वस्थ्य छन्। तिनले कसको रगत लिएका हुन् भन्ने चाहिँ उनलाई थाहा छैन। थाहा हुनु पनि हुँदैन। तर यो कुरा चाहिँ विचारणीय छ कि कसैले कसैको रगत लिएका छन् भने तिनलाई रक्तदानको महत्व थाहा भइसकेको छ। रक्तदानको महत्व यसै अर्थमा पनि रहेको छ। रक्तदानले कसैको जीवन बचाइदिने हुन्छ।
जीवन बचाउनु जस्तो ठुलो कुरो अरु केही हुन सक्दैन। माथि नै भनिसकिएको छ। मानिसको जीवन सबैभन्दा अमूल्य हो। जीवन जुनसुकै मूल्यमा पनि अमूल्य हुन्छ। अनमोल जीवनलाई बचाउने काम आफैँमा महान् कार्य हो। विज्ञानले हामीलाई यो सुविधा दिएको छ कि हामीले आफ्नो रगत अरुलाई दान दिन सक्छौँ। आफूले दान दिँदा आफूलाई कुनै घाटा नै लाग्दैन र अरु कसैको जीवन बाँच्न सक्छ। यसरी जीवनदानलाई अज्ञात दानको रुपमा लिन सक्छौँ। अज्ञात जीवनदानलाई कुनै मूल्यमा भन्दा निकै माथि राखेर हेर्नुपर्छ। हेरिएको पनि पाइएको छ। जीवनलाई बचाउने जस्तो महान् कार्यमा योगदान दिने रक्तदाताहरु साँच्चिकै सम्मानयोग्य हुन्छन्। यस्ता सम्मानयोग्य रक्तदाताहरुलाई हृदयदेखि नै सम्मान छ र शब्दले भए पनि अभिनन्दन छ। आज रक्तदाता दिवसको अवसरमा रक्तदान गर्ने विश्वका सम्पूर्ण रक्तदाताहरुलाई शब्दले भए पनि सम्मान गर्न पाउनुलाई राम्रो संस्कार मान्नुपर्दछ। रक्तदाता दिवसले रक्तदानको महत्व र रक्तदाताको सम्मान दुवैलाई सगोलमा बुझाएको छ भन्दा अत्युक्ति नहोला।



# गाँजाखेतीको सम्भाव्यता अध्ययन गरिने

**रासस**
**गण्डकी।**
गण्डकी प्रदेश सरकारले गाँजाखेतीको सम्भाव्यता अध्ययन गर्ने भएको छ। गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रममा औषधीजन्य तथा उद्योगजन्य कच्चापदार्थ उत्पादन प्रयोजनका लागि गाँजाखेतीको सम्भाव्यता अध्ययन गरी आवश्यक कानुनी व्यवस्था गरिने उल्लेख छ। सरकारले भाँगो, टुसा, निउरो, सिन्की, बाँको, टिमुर, सिस्नो, सिलाम र उच्च पहाडी तथा हिमाली भेगमा हुने आलु, उवा, कोदो, काउनो, फापर, जौ लगायतका उत्पादनलाई ब्राण्डिङ तथा बजारीकरणमा प्रोत्साहन गरिने नीति लिएको छ।

भूमिको उत्पादनशीलता अभिवृद्धि गर्न जग्गाको वर्गीकरण, चक्लाबन्दी, यान्त्रिकीकरण, व्यवसायीकरणमा जोड दिइने उल्लेख गर्दै नीति तथा कार्यक्रममा उत्पादनको दिगोपना र निरन्तरताको लागि उत्पादनसँग अनुदानको आबद्धता कायम गर्दै लगिने भनिएको छ। ‘एक निर्वाचन क्षेत्र-एक प्रविधिमैत्री स्मार्ट कृषि फर्म’ को अवधारणा विकास गरी आवश्यक पूर्वाधारसहित सामूहिक कृषि विकास कार्यक्रम सञ्चालन गरिने सरकारको योजना छ। प्रदेशस्थित अनुसन्धानका निकायसँगको समन्वयमा कृषि क्षेत्रको टड्कारो समस्याका रूपमा रहेका विषयमा कार्यात्मक अनुसन्धान गरी समाधानका उपाय पहिचान तथा प्रसार गरिने जनाइएको छ।

स्थानीयस्तरमा कृषि उपज उत्पादन गरी चिस्यान केन्द्रमा भण्डारण गर्ने किसानलाई निश्चित मापदण्डका आधारमा भण्डारण शुल्कमा सहुलियत प्रदान गर्ने व्यवस्था मिलाउने नीति तथा कार्यक्रममा उल्लेख छ। प्रदेशमा उत्पादित कृषि उपजको बेचविखनमा संलग्न व्यवसायीलाई प्रोत्साहन गरिने भन्दै सरकारले उत्पादित कृषि उपजको बजारीकरण तथा ढुवानी व्यवस्थापनका लागि स्थानीय तहसँग आवश्यक समन्वय गर्ने नीति लिइने जनाएको छ।

# ‘टिम्स कार्ड’ लिने पर्यटक घटे

**रासस**
**काठमाडौँ।**
सरकारले पर्वतीय पदयात्रामा जाने विदेशी पर्यटकलाई अनिवार्य रूपमा पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) कार्ड लागू गरेपनि निगरानीका लागि चेकपोष्ट नहुँदा समस्या परेको छ। नेपाल पर्यटन बोर्ड, ट्रेकिङ एजेन्सीज् एशोसिएशन अफ नेपाल (टान) र पर्यटन क्षेत्रमा आबद्ध मजदूरको संयुक्त सङ्गठनको पहलमा नेपाल भ्रमणमा आउने विदेशी पर्यटकलाई टिम्स कार्ड र गाईडबिना पद्यात्रामा जान नपाउने नयाँ नियम लागू गरेपनि टिम्स चेकजाँचका लागि चेकपोष्ट नहुँदा समस्या भएको हो।

सरकारले गत अप्रिल १ देखि अनलाइन प्रणालीमार्फत ‘टिम्स कार्ड’ वितरण गर्न सुरु गरेको थियो। सरकारले अप्रिलमा नौ हजार २०१ विदेशी पर्यटकलाई टिम्स कार्ड वितरण गरेपनि मे र जुनमा भने उल्लेख्य टिम्स कार्ड वितरण गर्न सकेको छैन। मेमा एक हजार चार सय ७४ र जुनमा एक सय ३७ टिम्स कार्ड लिएको ट्रेकिङ एजेन्सीज एशोसियशन अफ नेपाल टानका प्रमुख कार्यकारी अधिकृत (सिईओ) रामचन्द्र सेढाइले बताए।

सरकारले सार्क मुलुकका पर्यटकका लागि एक हजार रुपैयाँ र विदेशी मुलुकका पर्यटकसँग दुई हजार रुपैयाँ टिम्स शुल्क उठाउँदै आएको छ। हालसम्म एक हजार चार सय १३ ट्रेकिङ कम्पनी टिम्स कार्ड सिस्टममा जोडिएको टानले जनाएको छ। टिम्स लिएका पदयात्रीमध्ये तीन हजार सात सय ७४ यात्रु अन्नपूर्ण क्षेत्रको पुनहिल गएको देखिन्छ। टिम्स जाँचका लागि चेकपोष्ट नहुँदा विदेशी पर्यटक टिम्स लिने वा नलिने भन्नेबारे अलमल रहेको पाइन्छ। सरकारले टिम्स जाँचका लागि नेपाल पर्यटन बोर्ड सञ्चालक समितिका सदस्य नवाङ निमा शेर्पाको संयोजकत्वमा तीन सदस्यीय टिम्स चेकपोष्ट सिफारिस समिति गठन गरेको छ।

समितिमा टान र पर्यटन मजदुर प्रतिनिधि रहने व्यवस्था गरिएको छ। समितिका संयोजक शेर्पा टिम्स चेकपोष्ट स्थापनाका लागि अध्ययन र सम्बन्धित निकायसँग छलफल तथा सहकार्य गर्न समिति बनाएर फिल्डमा खटाउन लागिएको बताउँछन्। फिल्डमा खटिने समितिमा नेपाल पर्यटन बोर्डबाट एकजना अधिकृत, टान कार्यसमितिको तर्फबाट एक जना र पर्यटन मजदुरको तर्फबाट एकजना प्रतिनिधि रहने व्यवस्था गरिएको छ।

देशभरका १५ स्थानमा टिम्स चेकपोष्ट स्थापना गर्ने निर्णय भएपनि हाललाई अन्नपूर्ण, लाङटाङ, मनास्लु, मुस्ताङ, धौलागिरि, एभरेष्ट, हेलम्बु र डोल्पाको दुनैमा चेकपोष्ट स्थापना गरिने संयोजक शेर्पा बताउँछन्। ‘जुन ठाउँमा टिम्स कार्ड बढी लिएर पर्यटक पदयात्रामा गएका छन्, त्यस ठाउँमा हाललाई चेकपोष्ट स्थापना गर्छौं, बाँकी ठाउँमा पनि चाँडो चेकपोष्ट राख्छौं,’ उनले भने। जुलाईभित्रै अधिकाशं क्षेत्रमा चेकपोष्ट स्थापना गरिसक्ने संयोजक शेर्पाको भनाइ छ। अर्को सिजन सेप्टेम्बरबाट सुरु हुने भएकाले सेप्टेम्बरभित्र सबै स्थानमा चेकपोष्ट स्थापना गरेर टिम्स चेकजाँचलाई कडाइ गरिने उनको भनाइ छ।

ट्रेकिङ एजेन्सिज एशोसियन अफ नेपालका अध्यक्ष निलहरि बाँस्तोलाले टिम्सकार्ड लागू भएपनि जाँचका लागि चेकपोष्ट स्थापना नहुँदा टिम्सकार्ड लिने पर्यटक घटेको बताउँछन्। ‘पदयात्रालाई सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउनका लागि सरकारले अनिवार्य गाइड र टिम्स कार्डको व्यवस्था गरेको हो, टिम्स कार्ड र गाइड अनिवार्य गरेसँगै पर्यटक सुरक्षित हुने, नेपाली पर्यटक गाइडले रोजगारी पाउँछन्, कम्पनीबाट जाँदा कम्पनीले राज्यलाई राजस्व तिर्ने भएकाले समग्र राज्यलाई फाइदा पुग्छ,’ अध्यक्ष बाँस्तोला भन्छन्।

टानका अनुसार नेपाल आउने विदेशी पर्यटकमध्ये झण्डै १० देखि १५ प्रतिशत पर्यटकमात्र पर्वतीय पदयात्राका लागि निस्कने गरेका छन्। अप्रिलमा ९८ हजार सात सय ७३, मे महिनामा ७७ हजार ७०३ पर्यटक नेपाल भित्रिएका छन्। अप्रिल र मे महिनामा एक लाख ७६ हजार चार सय ७६ पर्यटक नेपाल भित्रिएका छन्। अप्रिल र मे महिनाको पर्यटक आवागमनलाई हेरेर पर्वतीय पदयात्रामा जाने पर्यटकलाई विश्लेषण गर्दा १७ देखि २२ हजार विदेशी पर्यटक टिम्स कार्ड लिएर पदयात्रामा जानुपर्ने देखिन्छ।

## सगरमाथा आरोहणः

# ठूला विपद्बिनै १७ जनाको मृत्यु

**सिबी अधिकारी**
**काठमाडौँ।**
सन् २०२३ को वसन्त ऋतुमा विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणमा जसरी सर्वाधिक आरोहणको इतिहास रचियो त्यसैगरी केही दुःखद् घटनाको पनि सामना गर्नुपर्‍यो। यस यामको सगरमाथा आरोहणमा ठूला विपद्बिना नै १७ जनाको मृत्युभयो। पर्यटन विभागका अनुसार मे २६ तारिखसम्म सगरमाथा आरोहणका क्रममा सात नेपाली र १० विदेशीसहित १७ जनाको मृत्यु भयो।
नेपाल, भारत, चीन, मलेसिया, सिङ्गापुर, अष्ट्रेलिया, अमेरिका, क्यानाडा र हङ्गेरी गरी नौ देशका नागरिकको सगरमाथा आरोहणका क्रममा मृत्यु भएको हो। यस वर्षको सगरमाथा आरोहणमा प्रतिकूल मौसम अर्थात् बढी चिसो भएकाले पनि धेरै सङ्ख्यामा आरोहीको मृत्यु भएको २८ पटक सगरमाथाको आरोहण गरेर विश्वकीर्तिमान कायम गरेका कीर्तिमानी आरोही कामीरिता शेर्पाले बताए। ‘यसपाली चिसो बढी थियो, मौसमले पनि साथ दिएन, कतिपय दक्ष र अनुभवी गाइड पर्याप्त नभएकाले पनि मृत्यु बढेको हुनसक्छ’, उनले भने।
विभागको पर्वतारोहण शाखाका निर्देशक युवराज खतिवडाका अनुसार प्रतिकूल मौसमका कारण यो वर्ष धेरै सङ्ख्यामा आरोहीको दुःखद् मृत्यु भएको छ। ‘यो पटक मौसमकै कारण धेरै आरोहीको मृत्यु भएको हो, मौसम सफा भयो भनेर आरोही अघि बढे बिचमा मौसम छिटोछिटो परिवर्तन भयो। यसपटक मौसम प्रतिकूलताका कारण नै धेरैको मृत्यु भएको छ,’ उनले भने।
यस याममा आरोहीको सङ्ख्या बढी भएको भनी प्रचारमा आएको विषय सत्य नरहेको भन्दै निर्देशक खतिवडाले मौसमले साथ नदिएकाले आरोहीको भिड बढेको उल्लेख गरे। उनले भने ‘विदेशी सञ्चार माध्यमले आलोचना गरिरहेका छन् धेरै आरोहीलाई अनुमति दिइयो भनेर तर हामी (पर्यटन विभाग) त्यसलाई स्वीकार गर्दैनौँ।’
निर्देशक खतिवडाले ३० दिनका लागि कूल चार सय ७८ आरोहीलाई आरोहण अनुमति दिइएको र औसतमा दैनिक १६ जनाको आरोहण हुने अनुमानसहित आरोहण अनुमति दिइएकाले आरोहीको सङ्ख्या बढी भनेर आलोचना गर्नुको तुक नरहेको बताए। चुचुरोसम्म बाटो बनाउने आइसफल डाक्टर पनि अनुकूल मौसमको पर्खाइमा आधार शिविरमा छन्। मौसमले साथ दिएमा छिट्टै उनीहरूले सगरमाथाको चुचुरोसम्म डोरी टाँगेर आरोहण सुरु भएको सन्देश दिने इमाजिन नेपालका कार्यकारी निर्देशक दावा ग्याल्जेन शेर्पाले जानकारी दिए।



धेरै सङ्ख्यामा आरोहीलाई अनुमति दिइएकाले सगरमाथामा मृत्यु पनि बढेको र आरोहीको जाम लागेको भन्ने विदेशी सञ्चारमाध्यमका कुरा सत्य नभएको बरु प्रतिकुल मौसका कारण केही दिन आरोहीहरूले एकै समयमा बढी भिडभाड गरेकाले धेरै सङ्ख्यामा मानवीय क्षति भएको नेपाल पर्वतारोहण सङ्घका पूर्वअध्यक्ष आङछिरिङ शेर्पाको भनाइ छ। ‘यस यामको सगरमाथा आरोहणमा मौसमका कारणले धेरै मृत्युदर बढेको देखिन्छ। कुनै आकस्मिक र ठूलो विपद् त हैन मौसमकै कारणले धेरै मानवीय क्षति भयो।’ विभागका अनुसार सामान्यतयः अप्रिल अन्तिमसम्म ‘रोप फिक्सिङ’ को काम सकिन्छ। मे महिनाभरी आरोहण चल्छ। यो सङ्ख्या सगरमाथामा भएका ठूला विपद्पछिको सबैभन्दा धेरै हो।
यसअघि सन् २०१५ (विस २०७२ वैशाख १२ गते) आएको गोरखा महाभूकम्पका कारण १९ जनाको मृत्यु भएको थियो।
त्यसअघि सन् २०१४ मा खुम्बु आइसफलमा गएको हिमपहिरोमा परी १६ जनाको मृत्यु भएको थियो। मौसम प्रतिकूलताका साथै हाईअल्टिच्यूटका कारण पनि यो वर्ष धेरै आरोहीको मृत्यु भएको इमाजिन नेपालका कार्यकारी निर्देशक दाबा ग्याल्जेन शेर्पाले बताए।

**कुन–कुन देशका आरोहीको मृत्यु**
सगरमाथा आरोहणको बाटो खुलाउने क्रममा : अप्रिल १२ तारिखका दिन खुम्बु क्षेत्रमा तीन शेर्पा बेपत्ता भएका थिए। पर्यटन विभागका अनुसार खुम्बु पासाङल्हामु गाउँपालिका-५ निवासी दाछिरी शेर्पा, पेम्वा तेन्जिङ शेर्पा र लाक्पा रीता शेर्पा हिउँको ढिस्कोले पुरिएर बेपत्ता भएका हुन्। उनीहरू इमाजिन नेपाल ट्रेक्सबाट खटिएका थिए। सगरमाथाको चुचुरोसम्म डोरी टाँग्ने (रोप फिक्सिङ) को सामान लैजानेक्रममा उनीहरू हिउँको ढिस्कोमा बेपत्ता भएका थिए।
सन् २०२३ को वसन्त ऋतुमा सगरमाथा हिमालको दोस्रो शिविरदेखि चुचुरोसम्म ‘रोप फिक्सिङ’ गर्न पर्यटन विभागबाट



पर्वतारोहण सञ्चालक सङ्घलाई जिम्मेवारी दिइएको थियो। सो कामको जिम्मा पाएको इमाजिन नेपाल ट्रेक प्रालिका तर्फबाट दावा ग्याल्जे शेर्पाको नेतृत्वमा एक फोटोग्राफरसहित नौ शेर्पाले ‘रोप फिक्सिङ’ गरेका थिए मृतकमध्ये तीन नेपाली र तीन विदेशीसहित छ जनाको सगरमाथा आरोहपछि मृत्यु भएको थियो भने बाँकी ११ जनाको आरोहणका क्रममा मृत्यु भएको थियो। ह्याप्पी फिट कम्पनीबाट आरोहणमा गएका नेपाली आरोही रञ्जित कुमार झाको २५ तारिखका दिन मृत्यु भएको थियो। एक्सिपीडिसन हिमालयबाट गएका लाक्पा नोर्बु शेर्पाको पनि सोही दिन मृत्यु भएको थियो। त्यस्तै पिक प्रमोसन कम्पनीबाट आरोहणमा गएका फुर्बा शेर्पाको मे १६ तारिखका दिन मृत्यु भएको थियो। त्यसैगरी विदेशी नागरिक क्रमशः मलेसियाका एज आकासान्दर विन अम्पुअन याक्कुवको मे १९ मा, सोही दिन सिङ्गापुरका श्रीनिवास सान्स दत्त र अष्ट्रेलियाका जासोन्ब बर्नाड लेलिन्सोनको मे १९ मा मृत्यु भएको थियो। उनीहरू क्रमशः पायोनियर एक्सिपीडिसन सेभेन समिट ट्रेक्स र एसियन ट्रेकबाट आरोहणमा गएका थिए। त्यस्तै भारतका सुबान्ने लियोपोल्डिएनोको मे १८ मा लुक्लामा मृत्यु भएको थियो। उनी ग्लेसियर ट्रेकिङ कम्पनीबाट आरोहणमा गएका थिए। त्यस्तै एटके एक्सिपीडिसनबाट आरोहाणमा गएका चिनियाँ नागरिक जुएविन चेनको मे १८ मा सगरमाथाको साउथ समिटमा मृत्यु भएको थियो। त्यसैगरी मे १ मा सगरमाथाको दोस्रो शिविरमा अमेरिकी नागरिक जोन थान सुगरम्यानको मृत्यु भएको थियो। उनी इमेज कम्पनीबाट आरोहणमा गएका थिए।
अप्रिल १२ का दिन इमाजिन नेपालबाट गएका लाक्पा रीता शेर्पाको खुम्बु आइसफलमा मृत्यु भएको थियो। मे २१ तारिखमा पिक प्रमोसन कम्पनीबाट आरोहणमा गएका आङकामी शेर्पाको सगरमाथाको दोस्रो शिविरमा मृत्यु भएको थियो। क्यानेडियन नागरिक एस पेटरुस अल्वर्टयनको मे २५ मा सगरमाथाको तेस्रो शिविरमाथि मृत्यु भएको थियो। उनी हिमालयन गाईड कम्पनीबाट आरोहणमा गएका थिए। सेभेन समिट ट्रेक्सबाट गएका हङ्गेरीका स्जीलार्ड सुहाजडाको हिलारी स्टेपमा मे २४ मा मृत्यु भएको थियो।
यस यामको सगरमाथा आरोहण गत वैशाख ३० गते देखि सुरु भएको थियो। झण्डै जेठको तेस्रो सातासम्म आरोहण भएको थियो। सगरमाथाको दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) ले बाटो बनाएको थियो। सङ्घका पूर्वअध्यक्ष शेर्पाका अनुसार सन् २०१४ को हिमपहिरो र सन् २०१५ को महाभूकम्पछि यसवर्ष सबैभन्दा धेरै आरोहीको मृत्यु भएको हो। यकिन तथ्याङ्क नभएपनि सन् १९५३ देखि हालसम्म तीन सय २८ जनाको मृत्यु भएको बताइन्छ। हालसम्म झण्डै आठ हजारले सगरमाथा आरोहण गरिसकेका छन्। व्यक्तिगतरूपमा मात्रै एघार हजार हाराहारी आरोहीले सगरमाथा चढेको उनले जानकारी दिए।
यो याममा सगरमाथाको चौँथो शिवविरसम्म बाटो खोलिसकेपछि उच्च हिमाली क्षेत्रमा लामो समयसम्म चलेको चर्को हावा र खराब मौसमका कारण सगरमाथाको चुचुरोसम्म ‘रोप फिक्सिङ’ गरी बाटो खोल्ने काममा केही ढिला भएको विभागले जनाएको छ। मौसम बिग्रिएकाले झण्डै दुईसाता ढिलोगरी आरोहण सुरु भएको थियो। सगरमाथा क्षेत्रमा प्रतिघण्टा ३५ देखि ४० किलोमिटर हावाको बेग चलेकाले आरोहणमा कठिनाइ भएको थियो।
सगरमाथा आरोहणको ७० वर्षे इतिहासमा यस वर्ष हालसम्मकै सर्वाधिक बढी आरोहीले अनुमति लिएका थिए। पर्यटन विभागका अनुसार यस याममा ४७ आरोही समूहका चार सय ७८ आरोहीले आरोहण अनुमति लिएकामा शेर्पा सहयोगीसहित ६०० हाराहारीले सगरमाथा आरोहण गरेका थिए। नेपालसहित ६५ देशका नागरिकले अनुमति लिएका थिए। सन् १९५३ मे २९ तारिखका दिन दुई साहसी पर्वतारोही नेपाली तेञ्जिङ नोर्गे शेर्पा र न्यूजिल्याण्डका सर एड्मन्ड हिलारी सगरमाथाको चुचुरोमा पुगेका थिए। सगरमाथा चढ्ने होडबाजीका साथै आरोहीहरूले नयाँ-नयाँ कीर्तिमानसमेत थप्दै आएका छन्। कामीरिता शेर्पाले २८ पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान बनाएका छन्। उनले वसन्त ऋतुको आरोहणमा सगरमाथाको दुई पटक क्रमशः जेठ ३ गते र जेठ ९ गते सगरमाथाको चुचुरोमा पुगेर आफ्नै कीर्तिमान तोडेका हुन्। यस्तै पासाङ दावा शेर्पाले यही यामसम्ममा सगरमाथाको २७ पटक आरोहण गरी कीर्तिमान कायम गरेका छन्। उनले यही याममा दुई पटक आरोहण गरी नयाँ रेकर्ड दर्ता गराएका हुन्। दुबै खुट्टा नभएका पूर्वब्रिटिस गोर्खा सैनिक हरि बुढामगरले यसै याममा सगरमाथाको सफल आरोहण गरेर विश्व कीर्तिमान बनाएका छन्। गत जेठ ५ गते सगरमाथाको चुचुरोमा पुगेर बुढामगरले कीर्तिमान बनाएका हुन्।

# साइलेज उद्योग सञ्चालनमा



**रासस**
**नवलपुर।**
नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को देवचुली नगरपालिकाले दूध र दुग्धजन्य पदार्थको उत्पादन लागत कम गर्न पशु आहार (साइलेज) को उत्पादन सुरु गरेको छ। नगरपालिकाले गण्डकी प्रदेश सरकारसँगको साझेदारीमा हरियो घाँसलाई विशेष रूपमा पोषण तत्व कायमै रहने गरी तयार पारिने पशु आहार (साइलेज) को उत्पादन सुरु गरेको हो।
नगरपालिकाले मुख्यमन्त्री नवप्रवर्द्धन कार्यक्रमसँगको साझेदारीमा दुई करोड ५० लाख रुपैयाँको लागतमा उद्योग स्थापना गरी साइलेज उत्पादन सुरु गरेको नगरप्रमुख हरिप्रसाद न्यौपानेले बताए। उद्योग स्थापनाले नगरपालिकासहित वरपरका पशुपालक कृषक लाभान्वित हुने तथा पशुपालनमा किसानलाई आकर्षित गर्न सकिने नगरप्रमुख न्यौपानेले बताए। ‘उद्योग स्थापनाले हाल पशुपालन गरिरहेका कृषकलाई सबैभन्दा बढी लाभ हुन्छ,’ उनले भने ‘पशुपालन गर्न चाहने नयाँ कृषकलाई पनि सुविधा हुने हुँदा पशुपालनतर्फ आकर्षण बढाउन अपेक्षा गरेका छौँ।’
पशुपालनमा लागत घटाउँदै किसानको आम्दानी बढाउन यो योजनाले सहयोग पुग्ने विश्वास रहेको नगरप्रमुख न्यौपानेको भनाइ छ। नगरपालिकाले उत्पादन गरेको पशु आहार पशुपालक कृषकलाई सहुलियत दरमा बिक्री गरिने नगरप्रमुख न्यौपानेले बताए। पछिल्लो समय कतिपय पशुपालक कृषक पलायन हुने अवस्थामा पुगेका जनाउँदै उनले भने ‘पशुपालनमा उत्पादन लागत धेरै हुनु र आम्दानी कम हुने भएकाले कृषक पेसाबाट पलायन हुँदै गएका छन्।’
देवचुलीमा साइलेज उद्योग स्थापनाले रोजगारीको सिर्जना गराएको नगर प्रवक्ता तिलप्रसाद काफ्लेले बताए। कृषकले बाँझो जमिनमा घाँस लगाएर उत्पादन भएको घाँस उद्योगलाई बेच्न सक्ने भएकाले उनीहरूको आर्थिक अवस्थामा सुधार पुग्ने काफ्लेले बताए। नगरपालिकाभित्रका पशुपालक कृषकलाई प्रोत्साहन गर्न नगरपालिकाले साइलेजको उत्पादन सुरु गरेको उनको भनाइ छ।
कृषकहरूकै सहयोगमा दाना उत्पादन गर्ने र सहुलियत मूल्यमा दिने योजनाअनुसार नगरपालिकाले साइलेज उत्पादन सुरु गरेको उनले बताए। नगरपालिकाले साइलेज बनाउन यसअघि नगरभित्रका कृषकलाई मकै खेतीमा प्रोत्साहन गरेको थियो। मकै खेती गर्न कृषकलाई नगरपालिकाले बीउ, मल तथा सिँचाइका लागि अनुदानसमेत उपलब्ध गराएको नगरप्रवक्ता काफ्लेको भनाइ छ।
कृषकले उत्पादन गरेको साइलेजका लागि आवश्यक पर्ने कच्चापदार्थ हरियो मकै नगरपालिकाले खरिद गर्ने उनले बताए। उद्योगमा ल्याएर आफैँले घाँस बेच्ने कृषकलाई प्रतिकिलो पाँच रुपैयाँसम्म तथा नगरपालिकाको आफ्नै स्रोतसाधन प्रयोग गरेर उद्योगसम्म कच्चापदार्थ ल्याउने व्यवस्था गर्नुपरेमा प्रतिकिलो चार रुपैयाँसम्म मूल्य दिनेगरी मापदण्ड तयार पारिएको नगर प्रवक्ता काफ्लेले बताए। उद्योगमा साइलेज उत्पादनपछि पशुपालक कृषकलाई सहुलियत मूल्यमा साइलेज प्रदान गरिने उनले बताए।
नगरपालिकाले हाल उद्योगमा ४० देखि ५० किलोसम्मका साइलेज प्याकेज तयार पारिरहेको छ। यसलाई प्लास्टिकले बेरेर राखेको ६० दिनपछि पशुलाई दानाका रूपमा खुवाउन सकिने नगरपालिकाको पशु शाखा प्रमुख श्यामकृष्ण तिवारीले बताए। दुधेलो मकै र घाँसको ढोडलाई मेसिनमा पेलेर पोषणतत्व कायमै रहने गरी बनाइने साइलेज गाईवस्तुका लागि निकै लाभदायक पौष्टिक आहार भएको तिवारीले बताए।
गाईभैँसीलाई साइलेज खुवाउँदा गुणस्तरीय दूध उत्पादनसँगै पशुचौपाया पनि स्वस्थ रहने भएकाले साइलेजको प्रयोग गर्न किसानलाई प्रोत्साहित गरिने तिवारीको भनाइ छ। सुक्खा याममा घाँसको अभावमा दूध उत्पादन घट्ने हुँदा पहिले नै तयार पारेर राखेको साइलेज पशु आहारका लागि अत्यन्त उपयुक्त हुने उनले बताए। महँगो मूल्यमा पराल किनेर खुवाउने बाध्यता रहेकामा किसानलाई अब उद्योग स्थापनापश्चात् राहत पुग्ने तिवारीको भनाइ छ।


## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८०/०२/३१ गते बुधबार)**

यस बैंकको तपशिलको ऋणी संस्थाले **बीरगंज** शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, जमानीकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

**ऋणी संस्थाको नाम : श्री सातोमाई बचत तथा ऋण सहकारी संथा लिमिटेड । रजिष्टर्ड ठेगानाः बहुअर्वाभाठा-४, गर्दौल, पर्सा।**
**दर्ता नं : ७०(१८१)/०६५/०६६**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : अजय कुमार साह (अध्यक्ष तथा जमानीकर्ता)**
बुवा : दिनेश प्रसाद साह
बाजे : पारसनाथ प्रसाद साह
ना प्र नं. : ०५२३२४५६, पर्सा
ठेगाना : बहुअर्वाभाठा-४, पर्सा

**२) नाम : सितापति देवी दुसाद (उपाध्यक्ष तथा जमानीकर्ता)**
बुवा/पति : केवल हजरा दुसाद/ प्रभु हजरा दुसाद
बाजे : चौकि हजरा
ना.प्र.नं : ६४५/०५२३३७९८, पर्सा
ठेगाना : बहुअर्वाभाठा-४, पर्सा

**३) नाम : मनोज कुमार पण्डित (सचिव तथा जमानिकर्ता)**
बाबु : तिलक पंडित कुम्हार
बाजे : चनरमन पंडित
ना.प्र.नं : ०५२३३६१२, पर्सा
ठेगाना : बहुअर्वाभाठा-७, पर्सा

**४) नाम : प्रहलाद प्रसाद रौनियार (कोषध्यक्ष तथा जमानिकर्ता)**
बाबु : रामसेवक सा रौनियार
बाजे : शिवन्न सा रौनियार
ना.प्र.नं : ०५२३३६२३, पर्सा
ठेगाना : बहुअर्वाभाठा-७, पर्सा

**५) नाम : चन्द्र शेखर प्रसाद साह (संचालक तथा जमानिकर्ता)**
बाबु : सुरेश प्रसाद साह तेली
बाजे : रामअयोध्या प्रसाद साह
ना.प्र.नं : ०५२३३५२३, पर्सा
ठेगाना : बहुअर्वाभाठा-४, पर्सा

**६) नाम : श्री कुष्ण प्रसाद कुर्मी (संचालक तथा जमानिकर्ता)**
बाबु : चन्द्रदेव राउत कुर्मी
बाजे : गोपीचन राउत
ना.प्र.नं : ५०४२६०९, पर्सा
ठेगाना : बैरियाबिर्ता दा.पु.-७, पर्सा

**७ ) नाम : तपसी राउत कुर्मी(संचालक तथा जमानिकर्ता)**
बाबु : शिवनाथ राउत कुर्मी । बाजे : जमदार राउत , ना.प्र.नं : ३००७/२१०, पर्सा। ठेगाना : बहुअर्वाभाठा-८, पर्सा।

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
१. श्री पारसनाथ साहको नाति श्री दिनेश प्रसाद साहको छोरा पर्सा जिल्ला बहुअर्वाभाठा गा.वि.स. वडा नं. ४ बस्ने **श्री अजय कुमार साहको** नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला बहुअर्वाभाठा गा.वि.स. वडा नं. ४ को कित्ता नं.**१०५८ र १०६१** को क्षेत्रफल **०-०-१५ र ०-०-१-५** जग्गा र सो जग्गामा बनेको घर समेत।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

# राराबका कार्यालय सहयोगीमाथि नगरप्रहरीले हातपात गरेको आरोप



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्थानीय तहको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्न, गाउँपालिका वा नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्न, स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्न, स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्न, गाउँ वा नगर सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन गर्न, न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्न, सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्न, विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना गर्न, अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण गर्न, छाडा पशु चौपायाको नियन्त्रण गर्न तथा अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्नका लागि नगरप्रहरीको गठन तथा परिचालन गरिएको हुन्छ ।तर, जनकपुरधाम उपमहानगरपालिकामा भने नगर प्रहरीहरुले यी र यस्ता कामहरु नगरि बाउन्सरको रुपमा काम गर्ने गरेको देखिएको छ।
केही दिनअघि स्थानीय जानकी चोकमा सार्वजनिक सम्पत्ति खाली गराउने क्रममा एक व्यापारीलाई निर्घात कुटपिट गरेको नगर प्रहरीले फेरि रामस्वरुप रामसागर बहुमुखी क्याम्पस ( राराब) का कार्यालय सहयोगीलाई कुटपिट गरेको घटना बाहिरिएको छ।
जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रहरीहरुले नगर प्रमुख मनोजकुमार साहकै अगाडि राराब क्याम्पसमा कार्यालय सहयोगीको रुपमा कार्यरत जनकपुरधाम-२० रुपैठा घर भएका ४७ वर्षीय कैलाश ठाकुरलाई निर्घात कुटपिट गरेका छन् ।गत शनिबार बिहान क्याम्पसचोकस्थित निर्मलादेवी मेमोरियल अस्पतालदेखि राराब क्याम्पसको मुलगेटसम्मको सडकपेटी खाली गराउने क्रममा राराबको मूलगेट अगाडि राखिएका निर्माण सामग्री हटाउने क्रममा सामान्य विवाद हुँदा नगर प्रहरीहरुले नगर प्रमुख साहकै उपस्थितीमा क्याम्पसका कार्यालय सहयोगी ठाकुरमाथि कुटपिट गरेका थिए।
ठाकुरले भने, 'शनिबार बिहान क्याम्पस प्राङ्गणमा अवस्थित मन्दिरबाट पूजा गरेर म गेटबाहिर निस्करहेको थिएँ, सोही क्रममा गेट अगाडिको पूरानो पर्खालका टुटफुट भएका निर्माण सामग्रीहरु नगर प्रहरीहरुले गाडीमा लोड गरिरहेको देखें, मैले ती सामानहरु नलगि खाल्डोमा राखिदिन आग्रह गरें, तर कसैले मेरो कुरा सुनेनन्, उल्टै मलाई हप्काउन थाले। जर्बजस्ती ती निर्माण सामग्रीहरु गाडीमा राख्न थाले। मैले यदी जर्बजस्ती गर्ने भए मेयर साहबलाई बोलाउन र वहाँले भनेपछि सोही आधारमा गर्ने भनेर अडान कसे। उनीहरु मध्ये एकजनाले मेयर साहबलाई फोन गरेर आउन भने। त्यसपछि म फेरि क्याम्पस हाताभित्र प्रवेश गरें। केहिबेरपछि मेयर साहब आउनुभयो, वहाँ रिसमा हुनुहुन्थ्यो, म गेटबाहिर निस्किरहेको बेला वहाँकै निर्देशनमा नगर प्रहरीहरुले एक्कासी ममाथि कुटपिट गर्न थाले।'यस सम्बन्धमा क्याम्पस प्रमुख प्रदीप कुमार प्रसादले राराब क्याम्पस त्रिभूवन विश्वविद्यालय मातहतको आंगिक क्याम्पस रहेको र यसमा स्थानीय सरकारको हस्तक्षेप नचल्ने भएकाले अनुमतिबिना भित्र प्रवेश गरी आफ्नो कार्यालय सहयोगीमाथि कुटपिट गर्नु निन्दनीय रहेको बताए। उनले नगर प्रमुखकै अगाडि उनका नगर प्रहरीहरुले कार्यालय सहयोगी ठाकुरमाथि हातपात गरेपनि नगर प्रमुखले एक शब्द पनि नबोल्नु र उल्टै कुटपिट गरिरहँदा मुकदर्शक भएर बस्नु अशोभनीयर रहेको बताए। घटना सम्बन्धमा आफूले प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराईसकेको उनले बताए ।यता, नगर प्रमुख मनोज साहले फूटपाथ अतिक्रमणमुक्त गराउने क्रममा राराबको गेट अगाडि बाटो नै जाम हुनेगरि जकथक अवस्थामा राखिएका निर्माण सामग्रीहरु हटाउने क्रममा राराबका कार्यालय सहयोगी ठाकुरले नगर प्रहरीलाई जथाभावी गालीगलौज गरेको आरोप लगाए।
उनले अतिक्रमणको चपेटामा परेका नगरभित्रका सडकपेटीहरु खाली गर्न आफूले नै नगर प्रहरीलाई निर्देशन दिएको र सोही क्रममा उनीहरुले आफ्नो काम गरिरहँदा राराबका कार्यालय सहयोगी ठाकुरले अपशब्द प्रयोग गर्दै जथाभावी गालीगलौज गरेपछि आवेशमा आएर दुई/चार झापड हिर्काएको हुन सक्ने बताएका छन् ।नगर प्रमुख साहले भने, 'मेरा कर्मचारीले फोन गरेपछि म त्यहाँ पुग्दा मेरो अगाडि पनि ठाकुरले उनीहरुलाई जथाभावी गालीगलौज गरिरहेको सुने, सम्झाउन खोज्दा उल्टै आवेशमा आएर अनापसनाप बोलेपछि सामान्य हात हालाहाल भएको थियो।'
उनले जनकपुरधाम उपमहानगरपालिकाले अतिक्रमणमुक्त सडक सभ्यता कायम गर्न सडकछेउ, फूटपाथ र नालामाथि जथाभावी निर्माण सामग्री थुपार्ने, ठेला राखेर व्यवसाय गर्दा तथा सवारी पार्किङ गर्दा पैदलयात्रीलाई आवागमनमा समस्या भएकोले फूटपाथ अतिक्रमणमुक्त अभियान सुरू गरेको बताए। ठेला व्यवसायलाई पनि व्यवस्थित गर्न उपमहानगरले काम अघि बढाएको र फूटपाथ अतिक्रमण गरेर राखिएको बालुवा, गिट्टी र अन्य निर्माण सामग्री हटाउन थालिएकोले यसमा सहयोग गर्न नगरवासीसँग आग्रहसमेत गरेका छन्।


## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८०/०२/३१ गते बुधबार)**

यस बैंकको तपशिलको ऋणी संस्थाले **बीरगंज शाखाबाट** उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, जमानीकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

**ऋणी संस्थाको नाम : श्री किरणभुमी बचत तथा ऋण सहकारी संस्था लिमिटेड । रजिष्टर्ड ठेगाना : महुवन-२, पर्सा ।**
**दर्ता नः ५४३/०६९/०७०**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : किरण देवी**
**(अध्यक्ष तथा जमानीकर्ता)**
पति : दिनेश कुमार कलवार
वाजे/ससुरा : भगवानलाल सा कलवार
ना प्र नं. : १०५०/४५१, पर्सा
ठेगाना : महुवन-१, पर्सा

**२) नाम : फुलवा देवी माझि**
**(उपाध्यक्ष तथा जमानीकर्ता)**
पति : समायन माझि
बाबु/ससुरा : शिवनाथ माझि
ना.प्र.नं : ३४३०५०/१२८, पर्सा
ठेगाना : महुवन-२, पर्सा

**३) नाम : उम्रावति देवी कुर्मी**
**(सचिव तथा जमानिकर्ता)**
बाबु/पति : मोहन राउत कुर्मी/राजेन्द्र राउत कुर्मी
बाजे/ससुरा : रामजी राउत कुर्मी
ना.प्र.नं : ३४३०५०/८७
ठेगाना : महुवन-१, पर्सा

**४) नाम : लिलावति देवी**
**(कोषध्यक्ष तथा जमानिकर्ता)**
पति : कन्हैया सा कलवार
ससुरा : बनारसी साह कलवार
ना.प्र.नं : ३४३०५०/०१, पर्सा
ठेगाना : महुवन-३, पर्सा

**५) नाम : बबिता देवी**
**(संचालक तथा जमानिकर्ता)**
बाबु/पति : तुलसी राउत कुर्मी/कन्हैया राउत कुर्मी
बाजे : धनराज राउत कुर्मी
ना.प्र.नं : ३४३०५०/३९३, पर्सा
ठेगाना : महुवन-४, पर्सा

**६) नाम : प्रभा देवी**
**(संचालक तथा जमानिकर्ता)**
बाबु/पति : बागड राउत कुर्मी/भरत राउत कुर्मी
बाजे : रवनी राउत कुर्मी
ना.प्र.नं : ३४३०५०/१३८
ठेगाना : महुवन-२, पर्सा

**७) नाम : बुनुई देवी गोढिन (संचालक तथा जमानिकर्ता)**
बाबु : अच्छेलाल साह गोढ। बाजे : लगन साह गोढ । ना.प्र.नं : ८८०, पर्सा । ठेगाना : महुवन-३, पर्सा

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री धनराज साहको नाति श्री ठग साहको छोरा पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. ४ बस्ने **श्री महेन्द्र साह तेलीको** नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. ४ को कित्ता नं १८० को क्षेत्रफल ०-७-१० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
२. श्री मुखलाल राउत कंकरको बुहारी श्री बिश्वनाथ राउत कंकरको श्रीमति पर्सा जिल्ला लखनपुर गा.वि.स. वडा नं. ४ बस्ने **श्री रजधरीया कंकरीनको** नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला लखनपुर गा.वि.स. वडा नं. १ को कित्ता नं २३६ को क्षेत्रफल ०-०-५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
३. श्री कन्चन महराको छोरी श्री फागु महरा चमारको श्रीमति पर्सा जिल्ला पोखरीया न.पा./गा.वि.स. वडा नं. ७ बस्ने **श्री गोगली देवी महराको** नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला पोखरीया न.पा. वडा नं. ४ को कित्ता नं **३५७ र ९९** को क्षेत्रफल **०-०-१४ र ०-३-५** जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
४. श्री इनरमन सा तेलीको नाति श्री हरिहर सा तेलीको छोरा पर्सा जिल्ला लखनपुर न.पा./गा.वि.स. वडा नं. २ बस्ने **श्री अभिलाख सा तेलीको** नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला महुवन न.पा. वडा नं. ५ को कित्ता नं **४९७** को क्षेत्रफल **०-३-१०** जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
५. श्री इनरमन साह तेलीको नाति श्री जगन साह तेलीको छोरा पर्सा जिल्ला लखनपुर न.पा./गा.वि.स. वडा नं. २ बस्ने **श्री धर्मराज प्रसाद साहको** नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला लखनपुर न.पा. वडा नं. ३ को कित्ता नं **३२९** को क्षेत्रफल **११८५.१९** जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
६. श्री ठाकुर गिरीको नाति श्री राम नारायण गिरीको छोरा पर्सा जिल्ला श्रीसिया ख.टो. न.पा./गा.वि.स. वडा नं. ३ बस्ने **श्री हुलास गिरीको** नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला महुवन न.पा. वडा नं. ८ को कित्ता नं **३४४** को क्षेत्रफल **१-०-०** जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop


# जनकपुरधामका मेयर साह पुनः कांग्रेसी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसको केन्द्रीय अनुशासन समितिले जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहमाथीको कारवाही फुकुवा गरेको छ।
नगर प्रमुख साहको कांग्रेसभित्रको साविकको पदलाई निरन्तरता दिँदै कारवाही फुकुवा गरिएको हो ।स्थानीय तह निर्वाचन २०७९ मा पार्टीका तर्फबाट विद्रोही भएका उम्मेदवार, उनका प्रस्तावक र समर्थकलाई नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) धारा ३४ बमोजिम साधारण सदस्य समेत नरहने पार्टीले कारवाही गरेको थियो ।साहले पुनः पार्टीमा रही हिजोका आफ्ना गतिविधिलाई आत्मसात गर्दै पार्टीको आदर्श, सिद्धान्त र उद्देश्य अनुसार क्रियाशील रहने गरी सोमबार निवेदन दिई पार्टीमै रहने प्रतिवद्धता व्यक्त गरेकोले नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले अनुमोदन गर्ने गरी उनको



साविकको पदलाई निरन्तरता दिदै कारवाही फुकुवा गरिएको केन्द्रीय अनुशासन समितिका संयोजक आनन्द प्रसाद ढुंगानाले जानकारी दिए। साह यसअघि कांग्रेसको जनकपुरधाम नगर सभापति थिए।
साहले स्थानीय तहको निर्वाचनका क्रममा ९ बैशाख २०७९ मा नगर सभापति पदबाट राजीनामा दिएर स्वतन्त्र उम्मेदवारी दिएका थिए। उनको प्रस्तावकमा नन्दलाल साह र समर्थक रामप्रसाद पजियार थिए ।निर्वाचनका दौरान गठबन्धनले जनकपुरधाम जनता समाजवादी पार्टीलाई दिने निर्णय गरेपछि असन्तुष्ट जनाउँदै साहले कांग्रेस परित्याग गर्दै नगर प्रमुखमा स्वतन्त्र उम्मेदवारी दर्ता गराएका थिए।

# शिक्षा समन्वयका प्रमुख शर्माको शैक्षिक बदमाशी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शिक्षा विकास तथा समन्वय इकाई धनुषाको बदमासीका कारण धनुषाका एक विद्यालय द्वन्द्वमा फसको छ।
धनुषाको औरही गाउँपालिका-१ स्थित श्री रामजानकी माध्यमिक विद्यालय भिटकहिया शिक्षा विकास तथा समन्वय इकाई धनुषाको बदमासीका कारण शैक्षिक द्वन्द्वमा फसको हो।
उक्त विद्यालयमा मावि तहको दरबन्दी संख्या एक मात्रै रहेपनि इकाईले दरबन्दी भन्दा बढी सोही तहका विवादित शिक्षक पठाएपछि स्थानीयहरु आक्रोशित भएका छन्।
आर्थिक चलखेल तथा राजनीतिक दबाबमा परि इकाई प्रमुख युक्त प्रसाद शर्माले मावि दरबन्दीमा सोही तहका प्रधानाध्यापक मदन कुमार महरा कार्यरत हुँदाहुँदै दरबन्दी भन्दा बाहिर विवादित शिक्षक बद्री नारायण यादवलाई त्याहाँ पठाएपछि विवाद चुलिई विद्यालयको शैक्षिक वातावरण बिग्रिने अवस्थामा पुगेको छ।
दरबन्दीनै नभएको ठाउँमा पालिकासँग समन्वय समेत नगरी एक्लौटी ढंगले इकाईले शिक्षक पठाएपछि पालिका पनि आक्रोशित भएको छ। दरबन्दी भन्दा बाहिरको शिक्षकलाई तलब समेत नखुवाउने पालिकाले स्पष्ट पारेको छ।
विवादित शिक्षक यादवलाई त्यहाँ पठाउन खोजेको सूचना पाएपछि औरही गाउँपालिका कार्यालयले शिक्षा विकास तथा समन्वय इकाई धनुषालाई आफू कहाँ दरबन्दी नरहेकोले तत्कालका लागि थप शिक्षक नपठाउन पत्राचार गरेको थियो। गाउँपालिकाको कार्यालयले २०८० जेठ ११ गतेको चलानी नं. १०९४ को पत्र मार्फत तथा पटक-पटक इकाई प्रमुख शर्मालाई फोन गरि गाउँपालिका अध्यक्ष उमाशंकर प्रसाद साहले थप शिक्षक तत्काल नपठाउन भनेका थिए। तर इकाई प्रमुख शर्माले गाउँपालिकाको पत्रलाई समेत अटेर गरि जर्बजस्ती थप शिक्षक पठाएपछि विद्यालय विवादमा फसेको हो।
यस विषयमा जिज्ञासा राख्दा इकाई प्रमुख शर्मा अकमक्किदै





ठोस जवाफ दिन सकेनन्। सुरुमा जिल्ला शिक्षा समितिको निर्णय भन्दै पन्छिन खोजेपनि इकाई प्रमुख शर्माले पछि आफूले उक्त शिक्षकलाई नपठाएको र सो चिठ्ठी फर्जी रहेको दाबी गरेका थिए। तर इकाई प्रमुख शर्माकै हस्ताक्षर सहितको २०८० जेठ २२ गतेको चलानी नं. १६८८ पत्रको फोटोकपी लिएर विवादित शिक्षक यादव हाजिर हुन पुगेका थिए।
उक्त पत्रमा अधिकार भन्दा बाहिर गई काँग्रेसबाट निर्वाचित वडा नं. १ का वडाअध्यक्ष आशेश्वर यादवले हाजिर गराउन तोक आदेश गरेका थिए।
आर्थिक चलखेलमा परि इकाई प्रमुख शर्माले पालिकासँग समन्वय नै नगरी नियम विपरित सिधै विद्यालयमा शिक्षक पठाएपछि जिल्ला शिक्षा समितिका अध्यक्ष समेत जिल्ला समन्वय समितिका सभापति राजनन्दन मण्डल समेत आक्रोशित भएका छन्। यस विषयमा ध्यानाकर्षण भएपछि सभापति मण्डलले इकाई प्रमुख शर्मालाई बोलाई सोधपुछ गर्दा आफूले चिठ्ठी नदिएको र उक्त चिठ्ठी फर्जी रहेको जवाफ दिएको सभापति मण्डलले बताए।
सभापति मण्डलले जिल्ला शिक्षा समितिमा यस विषयमा कुनै किसिमको निर्णय नै नभएको स्पष्ट पारेका छन्। सभापति मण्डलले उक्त चिठ्ठी कार्यान्वयन नगर्न समेत इकाईलाई निर्देशन दिएका छन्। आफू समक्ष गाउँपालिका अध्यक्षसहित स्थानीय अभिभावकहरुको डेलिगेसन आएपछि मात्रै आफूलाई यो विषयमा जानकारी भएकोले तुरुन्तै आफू सहित गाउँपालिका अध्यक्ष, इकाई प्रमुख र प्रमुख जिल्ला अधिकारी बाहिर भएकोले सहायक प्रमुख जिल्ला अधिकारीसँग संयुक्त बैठक बसी उक्त चिठ्ठी कार्यान्वयन नगर्न इकाईलाई निर्देशन दिएको सभापति मण्डलले बताए।
एकीकृत अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनका धनुषा अध्यक्ष ध्रमेन्द्र यादवले बिचौलिया तथा शैक्षिक माफियाहरुको दबाब तथा चंगुलमा फसी इकाई प्रमुख शर्माले शिक्षा क्षेत्र तहसनहस पार्न खोजेको आरोप लगाए। अध्यक्ष यादवले अहिलेको इकाई प्रमुखले इकाईकै केही कर्मचारी, बिचौलिया तथा शैक्षिक माफियाहरुसँग मिली आर्थिक लाभ लिने उद्देश्य राखेर शिक्षकहरुलाई अनावश्यक दुःख दिई राम्ररी चलिरहेको विद्यालयहरुलाई बर्बाद पार्न खोजेको आरोप लगाए। उनले भने,-'मदन सर २०७४ मा त्यस विद्यालयमा गएपछि उक्त विद्यालयको शैक्षिक गतिविधि सहितको प्रगति हेर्नुस र त्यस भन्दा अगाडीको प्रगति हेर्नुस अनि आफैं राम्रो गरेको हो कि होईन बुझ्न सकिन्छ।' अनि यस्तो अवस्थामा दरबन्दी भन्दा फाजिल गएर विवादित शिक्षकलाई त्याहाँ पठाउनुको उद्देश्य के भनि उनले प्रतिप्रश्न गरे।
कर्मचारी नै नभएका व्यक्ति दर्ता चलानी फाँटमा
शिक्षा विकास तथा समन्वय इकाई धनुषाको दर्ता चलानी फाँटको जिम्मेवारी कर्मचारी नै नभएको व्यक्तिलाई दिइएको पाइएको छ। उक्त फाँटको जिम्मेवारी मुजेलियाका धनेश्वर दासलाई दिइएको हो।
दास कर्मचारी नै नरहेको व्यक्ति हुन्। न त उनलाई नियुक्ति गरिएको छ न त उनी तलब भत्ता नै खान्छन्। तर उनी कार्यालयको मुटु मनिने दर्ता चलानी फाँटमा बस्छन्। दास कार्यालयको कुनै पनि पदमा नियुक्त नभई कार्यालयको गोप्य तथा संवेदनशिल मानिने फाँटमा बस्छन्।
उनी आफैं पनि मलाई कुनै पनि पदमा नियुक्ति नगरिएको स्वीकार्छन्। न त तलब भत्ता नै खान पाएको भन्छन्। उनले आफूलाई रिना म्याड्मले काममा लगाएको बताए।
इकाईकी प्राविधिक सहायक रिना साहले उनलाई व्यक्तिगत हिसाबले बोलाई उक्त फाँटको जिम्मेवारी दिएकी छिन्। जिल्लाभरि नै शिक्षा क्षेत्रमा बदमास कर्मचारीको रुपमा परिचय बनाएकी साहकै लगावका कारण कार्यालयमा बिचौलियाहरुको हालीमुहाली बढेको शिक्षा क्षेत्रसँग सरोकार राख्नेहरु बताउँछन् ।यस विषयमा बुझ्न खोज्दा इकाई प्रमुख शर्मा फोन सम्पर्कमा आउन चाहेनन्।

# प्रधानाध्यापक सहनीले भ्रष्टाचार गरेको भन्दै प्रर्दशन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको जनकनन्दिनी गाउँपालिकाको एक समुदायिक विद्यालयका प्रधानाध्यापकले लाखौं रुपैयाँ भ्रष्टाचार गरेको भन्दै उनलाई सो विद्यालयबाट हटाउन माग उठेको छ।
जनकनन्दनी गाउँपालिका वडा नं. ४ खजुरीस्थित रहेको मावि खजुरी (जुनियर) का प्रधानाध्यापक हरिलाल सहनीले विभिन्न शिर्षकको लाखौं रुपैयाँ हिनामिना गरेको आरोपसहित प्रदर्शन गरिएको छ।
खजुरीका स्थानीयहरुले प्रधानाध्यापक सहनी विरुद्ध विभिन्न किसीमको नारा लगाउँदै उनलाई सो विद्यालयबाट हटाउन माग गरेको हो।
विद्यालयमा आउने सरकारी रकम, स्थानीय तहबाट उपलब्ध हुने रकम गरी करिब ८९ लाख रुपैयाँको हिनामिना गरेको आरोप लगाईएको छ।
विगत २० बर्षदेखि सो विद्यालयमा भ्रष्टाचारको सीमा नाघेको




हरिलाल सहनीले विद्यार्थीहरुको लागि आएको रकम, विद्यालय विकासको लागि आएको रकम हिनामिनाको साथै ठेकेदारी बताइएको छ। प्रअ सहनीले करिब ९० लाख रुपैयाँको हिनामिना गरी शिक्षा क्षेत्रलाई नै भ्रष्टाचारको अखाडा बनाएको आरोप विपिन राउतले लगाए। जुलुसमा सहभागी राउतले प्रअ समेत आफैं गर्न थालेपछि शिक्षा क्षेत्र शर्मसार भएको प्रतिक्रिया दिए। सहनीलाई सो विद्यालयबाट हटाउन उनीहरु सडकमा उत्रेका छन्।

# खुला पुरुष भलिबलको उपाधि महासङ्घलाई



**रासस**
**भक्तपुर ।**
भक्तपुरमा सोमबार सम्पन्न राष्ट्रव्यापी खुला पुरुष भलिबल प्रतियोगितामा नेपाल गणतान्त्रिक खेलकुद महासङ्घ विजयी बनेको छ । सूर्यविनायक नगरपालिका-४ हर्षचोकमा स्थानीय ॐ सिर्जनशील समाजले गत शनिबारदेखि आयोजना गरेको राष्ट्रव्यापी खुला पुरुष भलिबल प्रतियोगिताको सोमबार सम्पन्न फाइनल खेलमा महासङ्घले लिखु गाउँपालिका-८ ओखलढुङ्गालाई ३-१ को सेटमा पराजित गरेको थियो । फाइनलको पहिलो खेलमा २५-२१ का अन्तरले लिखुले अग्रता लिए पनि दोस्रो, तेस्रो र चौथो सेटमा भने लिखुविरुद्ध महासङ्घले २५-२०, २५-१९ र २५-२२ को अन्तरले विजय हासिल गरी नगद पुरस्कार, ट्रफी र मेडल हात पार्दै महासङ्घ च्याम्पियन बनेको हो । त्यस्तै न्यूटन एकेडेमीले आयोजक टिम ॐ सिर्जनशस्ल समाजलाई ३-० को अन्तरले पराजित गर्दै तेस्रो स्थान सुनिश्चित गरेपछि आयोजक टिम समाजले सान्तवनामै चित्त बुझाउनुपरेको थियो ।
कार्यक्रममा बागमती प्रदेशसभा सदस्य किरण थापाले प्रतियोगितामा प्रथम हुने महासङ्घलाई नगद ५० हजार रुपैयाँ, ट्रफी, मेडल, प्रमाणपत्र, दोस्रो हुने लिखु-६ ओखलढुङ्गालाई नगद पुरस्कार २५ हजार रुपैयाँ, ट्रफी, मेडल, प्रमाणपत्र, तेस्रो हुने न्यूटन एकेडेमीलाई १५ हजार रुपैयाँ, ट्रफी, मेडल, प्रमाणपत्र र सान्त्वना हुने ॐ सिर्जनशील समाजलाई १० हजार रुपैयाँ, मेडल र प्रमाणपत्र प्रदान गरेका थिए ।
त्यस्तै प्रतियोगिताको फाइनल खेलमा महासङ्घका खेलाडी विष्णु बस्नेतले म्यान अफ दि म्याचको उपाधि पाउनुभयो भने बेस्ट स्पाइडरमा महासङ्घकै समित श्रेष्ठ, बेष्ट ब्लकरमा महासङ्घकै सन्तोष रानामगर, बेष्ट सेटर महासङ्घकै मनोज घिमिरे, बेष्ट लिब्रोको उपाधि लिखु-८ का सन्दीप थापा र बेष्ट सर्भर न्यूटन एकेडेमीका धिरजकाजी बस्नेतले उपाधि हात पारेका थिए ।
सो अवसरमा प्रदेशसभा सदस्य थापाले खेलमा दर्शकदीर्घाको आकर्षण र सहभागिता देख्दा यहाँ भलिबल खेलका लागि आवश्यक खेलमैदान निर्माण गर्नुपर्ने आवश्यकता देखिएको बताए । त्यस अवसरमा जिल्ला खेलकुद विकास समिति भक्तपुरका प्रमुख दीपक थापा, सूर्यविनायक-४ का वडाध्यक्ष लछुराम न्यौपाने, कार्यक्रमका सभापति एवं आयोजक समाजका अध्यक्ष अर्जुन केसीलगायतले भलिबल खेलमैदानको आवश्यकतालाई सङ्घ, प्रदेश र स्थानीय सरकारले पूरा गर्न लाग्नुपर्नेमा जोड दिएका थिए ।
कार्यक्रममा नेपालको प्रतिनिधित्व गर्दै विभिन्न देशमा गएर भलिबल खेलमा उत्कृष्टता हासिल गर्ने खेलाडी धिरजकाजी बस्नेत र विष्णु बस्नेतलाई प्रदेशसभा सदस्य थापाले सम्मान गरेका थिए । आयोजक समितिका संयोजक पेशल आचार्यले प्रतियोगितामा आठ जिल्लाका १० समूहको सहभागिता रहेको जानकारी दिए । प्रतियोगितालाई विभिन्न सहयोग पुऱ्याउने दाता एवं सहयोगीलाई सम्मान एवं प्रशंसापत्र प्रदान गरिएको थियो ।

# विश्वकप छनोटमा पुरानो लय कायम राख्ने विश्वास छ : आसिफ शेख

**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाली राष्ट्रिय क्रिकेट टिमका विकेटकिपर ब्याटर आसिफ शेखले विश्वकप छनोटमा पुरानै लयलाई कायम राख्ने विश्वास व्यक्त गरेका छन् । विश्वकप छनोटको तयारीका लागि दक्षिण अफ्रिकामा रहेका आसिफले आईसीसीसँगको कुराकानीमा नेपालको लय कायम रहने बताएका हुन् ।
क्रिकेट विश्वकप लिग टु मा नेपालले अन्तिम १२ मध्ये ११ खेल जित्दै विश्वकप छनोटमा स्थान पक्का गरेको थियो । जसमा नेपालले युएई विरुद्धको अन्तिम खेलमा डिएलएस मेथडमा ९ रनको रोमाञ्चक जित हात पारेको थियो । जसले कीर्तिपुरमा नेपाली क्रिकेट टिम र समर्थकमाझ खुशी छाएको थियो । 'यो छनोटमा पुग्नु अविश्वसनीय थियो,' शेखले भने, 'इमानदारीपूर्वक भन्नुपर्दा १२ मध्ये ११ खेल जित्नु अप्रत्यासित थियो । यो सामूहिक प्रयास थियो, सबैको योगदान छ ।' आसिफले विश्वकपको मुख्य प्रतियोगितामा पुग्दै अर्को इतिहास बनाउने हो भने कडा मिहिनेत गर्ने समय आएको बताए । 'मलाई लाग्छ हामी हाम्रो क्रिकेटको साथ उत्कृष्ट यात्रामा छौं र हामी क्वालिफायरका लागि साँच्चै उत्साहित छौं ।' नेपालले लिग टु मा ३६ मध्ये १९ खेल जित्दै ४० अंक जोडेर च्याम्पियन स्कटल्याण्ड र ओमान भन्दा पछि रहँदै तेस्रो भएको थियो । लिग टु बाट यही तीन टिम विश्वकप छनोटमा पुगेका थिए ।
विश्वकप छनोटमा भने नेपालले पूर्व विश्व विजेता वेष्ट इन्डिज र आयोजक जिम्बाव्वेसँगै समूह 'ए' मा छ । यस समूहमा नेदरल्याण्ड्स र अमेरिका पनि छन् । समूह 'बी' मा श्रीलंका, आयरल्याण्ड, स्कटल्याण्ड, ओमान र युएई छन् । यी १० टिमबीच भारतमा हुने एकदिवसीय विश्वकपको बाँकी दुई स्थानका लागि प्रतिस्पर्धा हुनेछ । जिम्बाव्वेमा खेल्दा नेपालले कीर्तिपुरको जस्तो ठूलो समर्थकको आवाज पाउनेछैन । जसले घरेलु मैदानमा युएई विरुद्ध ठूलो समर्थन गरेका थिए ।



'नेपालले हामीले पाएको समर्थन अविश्वसनीय थियो, अन्तिम खेलका लागि हामीसँग धेरै समर्थकहरु थिए । हामी त्यो भीडलाई मिस गर्न जाँदैछौं तर हामीलाई थाहा छ कि नेपालबाट उनीहरूले हामीलाई समर्थन गर्ने छन् । हामी जहाँ खेले पनि फरक पर्दैन, हामीलाई थाहा छ नेपाली जनता हामीसँग छन्, उनीहरू नेपालबाट हाम्रो लागि समर्थन गर्नेछन् ।' आसिफ शेखले आयरल्याण्ड विरुद्ध टी-२० अन्तर्राष्ट्रियमा एन्डी म्याकब्रिनलाई रनआउट नगर्ने निर्णय गर्दा ठूलो प्रशंसा पाएका थिए र त्यसका लागि आईसीसी स्पीरिट अफ क्रिकेट अवार्ड २०२२ प्राप्त गरेका थिए । नेपाली टिममा आसिफसँगै उनका दाइ अलराउण्डर आरिफ शेखसमेत छन् ।

**प्रशिक्षक देशाईको प्रसंशा**

आसिफले मुख्य प्रशिक्षक मोन्टी देशाईले खेलाडीहरुलाई उत्प्रेरित गरेको भन्दै प्रसंशा पनि गरेका छन् । देशाईकै प्रशिक्षणमा नेपाल विश्वकप छनोटमा पुग्न सफल भएको थियो भने एसीसी प्रिमियर कप जित्दै एसिया कपमा पनि छनोट भएको छ । एसिया कपमा नेपालले भारत र पाकिस्तानसँग खेल्नेछ । 'देशाई कोचको रूपमा आएको दिन हामी सँगै बस्यौं,' शेख सम्झन्छन्, 'हामीसँग भेट भयो र उहाँले भन्नुभयो कि हामी १२ मध्ये १० खेल जित्नेछौं र त्यसपछि हामीले ११ खेल जित्यौं । यो उहाँको हामीमा विश्वास थियो ।'
एसिया कपमा छनोट हुनुअघि पनि देशाईले भारत र पाकिस्तानसँग हामीले खेल्ने छौं भनेर भनेको उनले स्मरण गरे । 'उहाँ अद्भुत हुनुहुन्छ, उहाँले हामीसँग कडा मेहनत गर्दै हुनुहुन्छ र हामीलाई विश्वास दिलाउनुहुन्छ कि हामी हरेक खेल जित्न सक्छौं ।' नेपालले अहिलेसम्म आईसीसी पुरुष एकदिवसीय विश्वकप खेलेको छैन । नेपालले अहिलेसम्म खेलेको एक मात्र विश्वकप २०१४ को टी-२० विश्वकप हो ।

**प्लेअर टु वाच**

गुल्शन झाले २०२१ सेप्टेम्बरमा अमेरिका विरुद्ध ओडीआईमा डेब्यु गर्दा उनी विश्वकै तेस्रो कान्छा खेलाडी बनेका थिए । जतिखेर उनी १५ वर्ष २१२ दिनका थिए । गुल्शनले नेपाललाई एसिया कप २०२३ मा छनोट गराउनका लागि युएई विरुद्ध फाइनलमा अविजित ६७ रनको महत्वपूर्ण पारी खेलेका थिए । खेल नेपालले ७ विकेटले जित्दै एसिया कपमा छनोट भएको थियो ।

**मुख्य खेलाडी रोहित**

ओडीआई र टी-२०आईमा गरी ६७ खेल खेलिसकेका रोहित भर्खर २० वर्षका मात्र भए भन्दा विश्वास नहुन सक्छ । उमेर २० वर्ष भए पनि कप्तानसमेत रहेका उनको प्रदर्शन र नेतृत्वदायी भूमिका जबरजस्त छ । यदी नेपालले जिम्बाव्वेमा प्रतिस्पर्धात्मक स्कोर बनाउने भएमा कप्तान रोहित मह्तवपूर्ण बन्न सक्छन् ।

**नेपालको खेल**

नेपालले १८ जुनमा घरेलु टोली जिम्बाव्वेसँग विश्वकप छनोटको पहिलो खेल खेल्दैछ । त्यसपछि नेपालले २० जुनमा अमेरिका, २२ जुनमा वेष्ट इन्डिज र २४ जुनमा नेदरल्याण्ड्ससँग खेल हुनेछ ।

# महिला क्रिकेट : नेपाल पाकिस्तानसँग पराजित



**रासस**
**काठमाडौँ ।**
एसीसी महिला टि-ट्वान्टी इमर्जिङ टिम्स एसिया कप क्रिकेटमा नेपाल पाकिस्तान 'ए' सँग पराजित भएको छ । हङकङको मङककमा आज भएको खेलमा नेपाल पाकिस्तानको 'ए' टिमसँग नौ रनको झिनो अन्तरले पराजित भएको हो । पाकिस्तान 'ए' ले दिएको ८८ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा छ विकेट गुमाएर ७८ रनमा समेटियो । नेपालका लागि ओपनर कविता कुँवरले सर्वाधिक २० रनको योगदान दिइन् । उनले ३२ बलमा सर्वाधिक २० जोडेकी हुन् । त्यस्तै कविता जोशीले १७ बलमा अविजित १५ रन बनाइन् । त्यसबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । पाकिस्तान 'ए' की सईदा शाह र तुवा हसनले समान दुई/दुई विकेट झारे भने अनुशा नासिर र उम्मी हानीले समान एक एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ थालेको पाकिस्तान 'ए' ले १९ दशमलब दुई ओभरमा सबै विकेट गुमाउँदै ८७ रनको योगफल बनाएको थियो । उसका लागी शवाल जुफिकले ३६ बलमा २८ रन बनाइन् भने कप्तान साना फतिमाले २३ बलमा १६ रन बनाइन् । त्यस्तै गुल फरुजाले १८ बलमा ११ रन जोडिन् । बलिङतर्फ ईन्दु बर्माले तीन विकेट झारिन् भने कविता जोशी, कविता कुँवर र सीता रानामगरले समान दुई/दुई विकेट लिए । यस जितसँगै पाकिस्तान 'ए' समूह 'ए' को शीर्ष स्थानमा उक्लिएको छ । पराजित नेपाल भने दोस्रो स्थानमा रहेको छ । भिसा समस्याका कारण थाइल्यान्डले अन्तिम समयमा नाम फिर्ता लिएपछि नेपालले उक्त प्रतियोगितामा अवसर पाएको थियो । एसिसी महिला टी-ट्वान्टी इमर्जिङ टिम्स एसिया कपमा विभिन्न आठ राष्ट्र सहभागी छन् । यसलाई दुई समूहमा विभाजन गरिएको छ ।
नेपाल समूह 'ए' मा रहेको छ । नेपालको समूहमा हङकङ, भारत र पाकिस्तान रहेका छन् । समूह 'बी' मा मलेसिया, संयुक्त अरब इमिरेट्स (युएई), बंगलादेश र श्रीलंका 'ए' रहेका छन् । नेपालले अब आफ्नो दोस्रो खेल यही जेठ ३२ गते भारतसँग खेल्नेछ ।

**खेल हारे पनि कुँवर 'प्लेअर अफ द म्याच'**

महिला इमर्जिङ टिम्स एसिया कप क्रिकेटको पहिलो खेलमा नेपाल पाकिस्तान 'ए' सँग पराजित भएपनि कविता कुँवर 'प्लेअर अफ दि म्याच' बनेकी छिन् । हङकङमा सोमबारदेखि सुरु भएको प्रतियोगितामा नेपालले आफ्नो पहिलो खेलमा पाकिस्तान 'ए' टिमसँग ९ रनले पराजित भयो । खेलमा ओपनिङ बलिङ र ओपनिङ ब्याटिङ गरेकी कविताले अलराउण्ड प्रदर्शन गरेकी थिइन् । मोङ कोकस्थित मिसन रोड ग्राउण्डमा पाकिस्तान 'ए' लाई ८७ रनमा अलआउट गर्न कविता कुँवरले ३.२ ओभरमा १२ रन खर्चेर ३ विकेट लिएकी थिइन् । त्यसपछि सीता राना मगरलसँग कविताले ओपनिङ गरिन् । ओपनिङ जोडी सीता र वान डाउनमा आएकी विन्दु रावलको विकेट गएको हेरेकी कविताले १२ औं ओभरमा आउट हुनुअघि ३२ बलमा २ चौका प्रहार गरी २० रन बनाइन् । उनी नेपालका लागि धेरै रन बनाउने खेलाडी रहिन् ।८८ रनको लक्ष्य पछ्याएको नेपालले पूरै २० ओभर खेल्दा ६ विकेट गुमाएर ७८ रन मात्र बनाउन सकेपछि ९ रनले पराजित भएको हो । नेपालले अब समूह ए मा आफ्नो दोस्रो खेल भारत ए टिमसँग आउने बिहीबार खेल्नेछ ।

# पनडुब्बी जहाजमाथि आक्रमण



**सिन्ह्वा**
**भ्लादिभोस्टोक ।**
रुसी प्रशान्त फ्लीट जहाजको समूहले जापानको सागर र ओखोत्स्कको सागरमा सञ्चालित अभ्यासका क्रममा एउटा नक्कली शत्रुको पनडुब्बीलाई सफलतापूर्वक पत्ता लगाएर आक्रमण गरेको छ । फ्रिगेट मार्शल शापोश्निकोभ र दुई ठूला पनडुब्बी विरोधी जहाज एडमिरल ट्रिबट्स र एडमिरल पेन्टेलेभ मिलेर बनेको समूहले सिमुलेटेड पनडुब्बी रहेको शङ्कास्पद स्थानमा आक्रमण गरेर नष्ट गरेको प्रेस सेवाले जनाएको छ । प्यासिफिक फ्लीट कमाण्डर एडमिरल भिक्टर लिनाको नेतृत्वमा ६० भन्दा बढी युद्धपोत र सहयोगी जहाज, ३५ नौसैनिक विमान, तटीय सेना र ११,००० भन्दा बढी सैनिक सम्मिलित अभ्यास जुन ५ देखि २० सम्म हुँदैछ ।

# समुद्र सरसफाई कार्यक्रम



**एएनआई**
**तेल अवीव ।**
महासागर दिवसका सन्दर्भमा इजरायलको वातावरण संरक्षण मन्त्रालयले 'स्वच्छ बिच' कार्यक्रम अन्तर्गत भूमध्यसागर र लाल सागरमा सरसफाई कार्यक्रम सञ्चालन गरेको छ । प्रकृति र पार्क प्राधिकरणको सहयोगमा इजरायल डाइभिङ एसोसिएसनको 'सी गार्ड' को नेतृत्वमा डाइभ पनि सञ्चालन गरिएको छ ।
गत साता जाफाको गिवात आलिया, हर्जलियाको समुद्री तट र दोर-नाचशोलिमको समुद्री तटमा भएको सरसफाई कार्यक्रममा ५५ जना गोताखोरले भाग लिएका थिए ।
सो सरसफाइ कार्यक्रममा प्लास्टिक, डिस्पोजेबल खाद्य प्याकेजिङ र पेय पदार्थको क्यानबाट बनेको करिब १२० किलो फोहोर सङ्कलन गरिएको थियो ।
'क्लिन कोस्ट प्लान' इजरायलमा सञ्चालित समुद्री फोहोरको समस्यालाई सम्बोधन गर्ने राष्ट्रिय कार्य योजना हो । यो कार्यक्रमले समुद्री फोहोर र विशेष गरी प्लाष्टिक फोहोरबाट हुने खतरा रोक्नुपर्ने आवश्यकताका बारेमा सर्वसाधारणलाई जानकारी गराउँछ । सन् २०२३ वातावरण संरक्षण मन्त्रालयको स्वच्छ तटीय कार्यक्रमको १८ औं वर्ष हो । कार्यक्रमको उद्देश्य इजरायलमा तटीय र समुद्री फोहोरको खतरालाई न्यूनीकरण गर्नुका साथै वातावरण र जनताको हितका लागि अन्तरराष्ट्रिय प्रतिबद्धताअनुसार समुद्र तट र समुद्र सफा गर्ने कार्य गर्नु हो ।

# समुन्द्रमा डुबेर दुईको मृत्यु, दुईजना बेपत्ता

**सिन्ह्वा**
**नयाँदिल्ली ।**
भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रको राजधानी मुम्बईमा समुन्द्रमा डुबेर दुई बालकको मृत्यु भएको छ भने अन्य दुई जना बेपत्ता भएका छन् । करिब १२ देखि वर्षका केटा शहरको जुहु समुद्र तटमा लाइफगार्डको कललाई बेवास्ता गर्दै पुगेको बताइएको छ ।
केटा किनारबाट करिब आधा किलोमिटर पुगेको एक स्थानीय सरकारी अधिकारीले बताएका छन् ।
उद्धारकर्ताले दुई केटाहरू फेला पारो र कुपर अस्पताल पुर्याइएको तर डाक्टरले उनीहरूलाई मृत घोषित गरेका थिए । त्यसैगरी अन्य



दुईजना बेपत्ता भएका डुबेको हुनसक्ने अनुमान गरिएको छ ।
घटना लगत्तै स्थानीय मछुवा र दमकलका उद्धारकर्ताले बालकको खोजीकार्य शुरु गरेका थिए । चक्रवात विपरजोय अरब सागरमा तीव्र बन्दै गएपछि मुम्बईको तटीय क्षेत्रमा आँधी चलिरहेको बेला उक्त घटना भएको हो । स्थानीय अधिकारीले पहिले नै सर्वसाधारण र माछा मार्नेलाई समुद्रमा जान नदिन चेतावनी दिएका थिए ।

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरू

उच्च ज्वरो आउनु
जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
आँखाको गेडी दुख्नु
बेस्सरी टाउको दुख्नु
शरीरमा राता बिमिराहरु आउनु
वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।

घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।

( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

मौलापुर नगरपालिका
मधेश प्रदेश, रौतहट

# चीनमा पौने २ लाख बढी वित्तीय ठगी आरोपको मुद्दा

**सिन्ह्वा**
**बेइजिङ ।**
सन् २०१८ देखि चीनका सरकारी निकायले वित्तीय ठगी गरेको र वित्तीय व्यवस्थापनमा बाधा पुऱ्याएको आशङ्कामा एक लाख ८० हजारभन्दा बढी व्यक्तिविरुद्ध मुद्दा दायर गरेको छ । यस अवधिमा एक लाख १० हजारभन्दा बढी मानिसलाई अवैध कोष सङ्कलनका लागि मुद्दा चलाइएको सुप्रिम पिपुल्स प्रोक्युरेटोरेटले मङ्गलबार उल्लेख गरेको छ ।
एसपीपीले वित्तीय जोखिम नियन्त्रणको प्रयासस्वरूप अभियोजन तीव्र बनाएको छ । प्रायःयस किसिमका मुद्दामा अवैध कोष सङ्कलन, मुद्रा जाली र गैरकानूनी व्यापार सञ्चालनलगायतका क्षेत्र समावेश छन् ।

# लागुऔषध गाँजा बरामद तीन जना पक्राउ

**एएनआई**
**ओडिशा ।**
ओडिशाको अङ्गुल जिल्लाको चन्द्रपुर गाउँबाट १६१ किलोग्राम गाँजा बरामद गरिएको छ । साथै सो कारोबारमा संलग्न तीन जनालाई पक्राउ गरिएको छ । अवैध लागूऔषध विरुद्धको अभियानमा सन् २०२० देखि एसटिएफले ६९ किलोग्राम ब्राउन सुगर, हेरोइन २०२ ग्राम कोकेन, ७५० ग्राम अफिम र ११५ क्विन्टलभन्दा बढी गाँजा बरामद गरेको छ । त्यसैगरी एसटीएफले १७२ भन्दा बढी लागुऔषध कारोबारीलाई पनि पक्राउ गरेको छ ।

# बैभव वीरगंज बनाउनमा सबैको सहयोग पाउनेमा विश्वस्त : नगरप्रमुख



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका नगर प्रमुख राजेशमान सिंहले हाम्रो वीरगंज बैभव वीरगंज बनाउने अभियानमा सबैको साथ र सहयोग पाउनेमा आफू विश्वस्त रहेको बताएका छन्। रेडियो वीरगंजद्वारा आयोजित नयाँ पुस्तासँग मेयर कार्यक्रम अन्तरगत मंगलबार होटल मकालुमा यु डि बाइ सेफ कम्प्युटर एजुकेशनका बिद्यार्थीहरुले उठाएका प्रश्नको जवाफ दिदै नगर प्रमुख सिंहले महानगरपालिकामा देखिएका हरेक अवरोधलाई पन्छाउदै बैभव बीरगंज बनाउने अभियानमा युवा विद्यार्थीहरुको भूमिका प्रभावकारी हुनु पर्ने कुरामा जोड दिए। उनले बीरगंज महानगरपालिकामा हुने गरेको बेथितीको अन्त्य गर्दै एक बर्ष भित्रैमा गर्भ गर्न लायक बीरगंज बनाउने आफ्नो अभियानमा युवाहरुको पूर्ण समर्थन पाएको दावी गरे। नगर प्रमुख सिंहले अभिभावकलाई जागरण गर्ने प्रमुख दायित्व युवा विद्यार्थीको काधमा आएको हुँदा आफ्नो गाउँ, घर, टोल समाज स्वच्छ सफा राख्न युवाको भूमिकालाई स्वीकार गरी महानगरपालिकाले सफा नेपाल एप संचालन गरी सरसफाईलाई प्रभावकारी बनाएको बताए। उनले युवा वर्गलाई राजनीति भन्दा माथि उठेर बैभव बीरगंजका लागि जुटन आग्रह गर्दै शिक्षाको गुणस्तर माथि उकास्ने कार्यमा हाल महानगरपालिका लागेको दावी गरे। युवा लक्षित कार्यक्रम महानगरपालिकाले आगामी बजेटमा ल्याउने दावी गर्दै आर्थिक तथा औद्योगिक नगरी वीरगंजमा बाहिरबाट आएकाहरुले रोजगार पाएको तर वीरगंजकै युवाहरु वेरोजगार भएको भन्दै युवाहरुको रोजगारीका लागि शिप मुलक तालिम उपलब्ध गराइने दावी गरे। रेडियो वीरगंजका कार्यकारी अध्यक्ष ध्रुव साहको सहजिकरणमा कार्यक्रम सम्पन्न भएको थियो।

# सार्वजनिक प्रयोगका लागि करोडौंको जग्गा महानगरलाई प्रदान



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका वडा नम्वर ८ निवासी प्रेम कुमार टिबडेवालले वीरगंजको पानी टयांकी एरियामा रहेको भ्रण्डै ५ करोड मुल्य पर्ने २६ धुर जग्गा महानगरलाई हस्तान्तरण गरेका छन्। वीरगंज पब्लिक कलेज अगाडी रहेको मन्दिरसहितको जग्गा टिबडेवालले वीरगंज महानरपालिकालाई रजिष्ट्रेसन पास गरेर हस्तान्तरण गरेका हुन्। जिल्ला मालपोत कार्यालय पर्सामा मंगलबार रजिष्ट्रेसन पास गरेर टिबडेवालले महानगरलाई लालपुर्जा हस्तान्तरण गरेका छन्। मालपोतमा लाग्ने लाभ करसमेत आफैंले तिरेर टिबटेवालले अहिलेको बजार मूल्य अनुसार करिब ५ करोड भन्दा बढी मूल्यको जग्गा महानगरलाई दान गरेका हुन्। जग्गा हस्तान्तरण गर्दै टिबडेवालले खुला स्थान नरहेको स्थानमा नागरिकलाई सहज होस भनेर सार्वजनिक प्रयोगका लागि आफूहरुले महानगरको नाममा जग्गा उपलब्ध गराएको बताए। विगतमा सार्वजनिक हितका लागि नै मन्दिर बनाएर उक्त जग्गा प्रयोग भइरहेको र आउने दिनमा भ्रनै व्यवस्थित गर्दै महानगरले पार्क बनाइदियोस भन्ने उद्देश्यले आफूले जग्गा महानगरपालिकालाई हस्तान्तरण गरेको बताए। महानगरको नाममा रजिष्ट्रेसन गरिएको जग्गा धनि पुर्जा मंगलबार एक कार्यक्रमका विच ग्रहण गर्दै महानगर प्रमुख राजेशमान सिंहले सार्वजनिक हितका लागि जग्गा उपलब्ध गराउने जग्गा दाता टिबडेवाललाई दोसल्ला ओढाएर सम्मान समेत गरेका थिए। वीरगंजमा कतिपय व्यक्तिहरुले सार्वजनिक जग्गा अतिक्रमण गरि रहेको अवस्थामा टिवडेवालले करोडौं मुल्य पर्ने जग्गा सार्वजनिक प्रयोगका लागि महानगरलाई हस्तान्तरण गर्नु सह्रानीय र उदाहरणीय कार्य भएको बताए। वीरगंज महानगरपालिका वडा नम्वर ८ का वडाध्यक्ष रितेश कुमार गुप्ताको सक्रियतामा मंगलबार जग्गा दाता टिबडेवालले जग्गा नामसारी गरेर महानगरको नाममा रजिष्ट्रेसन पास गरी हस्तान्तरण गरेका हुन्।

# पर्सामा ११ महिनामा हजार भन्दाबढी उद्योग दर्ता



**मधेशदृष्टि**
**वीरगंज।**
घरेलु तथा साना उद्योग कार्यालय पर्सामा चालु आर्थिक वर्ष २०७९/८० को ११ महिनामा १ हजार ६८ उद्योग दर्ता तथा नविकरण भएका छन्। कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार सो अवधिमा ८ सय ५९ वटा उद्योग दर्ता गरिएको घरेलु तथा साना उद्योग कार्यालय पर्साकी सूचना अधिकारी सरिता खड्काले बताए।
त्यसैगरी सोही अबधिमा १ सय २२ उद्योगले पुँजी वृद्धि गरेका छन् भने २४ उद्योगले ठाँउसारी, २६ उद्योगले नाम संशोधन र ५ वटा उद्योगले शाखा विस्तार गरेको खड्काले बताए। यसैगरि घरेलुमा दर्ता भएका १ सय ४ वटा उद्योगको लगतकट्टा गरिएको, ६३ वटा उद्योगको नामसारी भएको र २७ वटा उद्योग थप भएका छन्। कार्यालयमा दर्ता भएका उद्योगमध्ये ३ सय ६७ उद्योग महिला उद्यमीबाट र ५ सय ६ वटा उद्योगको सञ्चालन पुरुष उद्यमीबाट भएको सूचना अधिकारी खड्काले जानकारी दिए। पर्सामा स्थापित घरेलु उद्योगबाट २ हजार ५ सय ३३ जना पुरुष र ९ सय ८५ जना महिलाले रोजगार प्राप्त गरेका छन्। घरेलु कार्यालयले वीरगञ्ज महानगरपालिका सहित जिल्लाका विभिन्न स्थानिय तहमा स्वरोजगार मुलक तालिम समेत संचालन गर्दै आएको छ।

# पोखरिया अस्पताल आफै विरामी




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ग्रामीण क्षेत्रको उपचारको केन्द्रको रुपमा रहेको पोखरिया अस्पताल सम्बन्धित निकायको लापरवाहीका कारण थला परेको छ। पोखरीया नगरपालिकाको स्वामित्वमा रहेको पोखरिया अस्पतालमा गुणस्तरीय उपचार सेवा तथा औषधीसमेत नपाउने गरेको स्थानीयबासीले गुनासो गरेका छन्। अस्पतालको सेवा प्रभावकारी नहुँदा पर्साको दोस्रो सदरमुकामको रूपमा रहेको पोखरिया नगरपालिकासँगै आसपासका पालिकाहरूका बिरामीसमेत मर्कामा परेका छन्। आफ्नै गाउँघरको नजिकै सेवा पाइने उद्देश्यले पोखरिया अस्पताल खोलिएको भए पनि त्यहाँ उपचार प्रभावकारी रूपमा नहुँदा नगरवासीसँगै आसपासका पालिकाका बिरामीहरूलाई समेत वीरगंज नै जाउनुपर्ने बाध्यता रहेको छ। पोखरिया नगरपालिकासँगै पोखरिया असपतालमा धोबिनी गाउँपालिका, छिपहरमाई, ठोरी, पकहामैनपुर, जगरनाथपुर गाउँपालिका लगायतका बिरामीहरू उपचारको लागि पुग्ने गरेका छन्। तर पोखरिया अस्पतालमा सहज र राम्रो उपचार सेवा नपाएर उनीहरू बाध्य भई सामान्य रोगको उपचारका लागि पनि वीरगञ्जकै अस्पतालमा आउनु पर्ने बाध्यता रहेको छ। पोखरियामा अस्पताल खुलेको भए पनि त्यहाँको उपचार सेवा प्रभावकारी नभएको पोखरिया नगरपालिका वडा नम्बर ४ निवासी सत्यनारायण पासवानले बताए। पोखरिया अस्पतालमा विशेषज्ञ चिकित्सकको कमी र प्रभावकारी उपचार सेवा नहुनुका साथै त्यहाँ उपचार गराउन जाँदा औषधीसमेत नपाउने गरिएको बिरामीहरूको गुनासो छ। उनीहरूले अस्पतालमा डाक्टरहरूले लेखिदिएका औषधीहरू अस्पतालमा नपाइने गरेको बताएका छन्। सरकारले आम नागरिकलाई स्वास्थ्य सेवामा पहुँच बढाउनको लागि स्वास्थ्यबिमा कार्यक्रम लागु गरेपनि बिमा गराएकाहरूले पोखरिया अस्पतालमा उपचार गराउन जाँदा औषधी नै नपाइने गरेकाले बाध्य भएर निजी औषधी पसलबाट खरिद गर्नुपर्ने अवस्था रहेको विरामीहरुले गुनासो गरेका छन। यता, पोखरिया अस्पताललाई प्रदेश सरकारले आफ्नो मातहतमा लिएर ५० शैया थपगरी अस्पतालको स्तर उन्नती गर्ने नीति तथा कार्यक्रममा घोषणा गरेको भए पनि अस्पतालको संचालनमा कुनै निकायले ध्यान नदिएको स्थानिय वासिन्दाले बताएका छन्।

# गाँउ पसेको हरिणलाई पालिकाको जिम्मा

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा राष्ट्रिय निकुन्जबाट वस्तीमा प्रवेश गरेको हरिणलाई आज सेढवाका स्थानिय वासिन्दाले नियन्त्रणमा लिएर गाउँपालिकाको कार्यालयमा बुझाएका छन्। पर्साको जिराभवानी गाउँपालिका वडा नं. २ सेढवा प्रवेश गरेका दुईवटा हरिणमध्ये एउटालाई नियन्त्रणमा लिईएको हो। वस्ती प्रवेश गरेका हरिणलाई कुकुरले लखेटेका थिए। सोही समयमा एउटा हरिणलाई स्थानियले नियन्त्रणमा लिएर गाउँपालिकाको कार्यालयमा बुझाएका हुन्। अर्को भने कुकरले लखेटेपछि .गाउँभन्दा पूर्वतर्फ भागेको स्थानिय बासिन्दाको भनाइ छ। नियन्त्रणमा लिईएको हरिणलाई गाउँपालिका कार्यालयमा राखिएको र डिभिजन वन कार्यालयका कर्मचरीको जिम्मा लगाउने तयारी भईरहेको इलाका प्रहरी कार्यालय सेढवाले जनाएको छ।

# भन्सार नतिरेको भारतीय गाडी नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज।**
बाराको सिम्रौनगढ नगरपालिका-१ वीरेन्द्र चोकबाट सशस्त्र प्रहरीले भारतीय नम्बर प्लेटको गाडी (जीप) नियन्त्रणमा लिएको छ।
बैरियाबाट सिम्रौनगढ जाँदै गरेको एचआर २६ बीबी ००४० नम्बरको भन्सार महसुल नतिरी चलाएको गाडी प्रस्तावित सीमा सुरक्षा गुल्म पिपरपातीले हिजो सोमवार नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिएको गाडी आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# ठुलो परिमाणको लागुऔषध बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको देवरियाबाट प्रहरीले ठूलो परिमाणमा लागुऔषध चरेस र गाँजा बरामद गरेको छ। पर्साको पटेर्वा सुगौली गाँउपालिका वडा नम्बर ५ देवरियाबाट मंगलबार बिहान प्रहरीले चरेस २० केजी र गाँजा १२ केजी बरामद गरेको हो। विशेष सुचनाको आधारमा प्रहरी चौकी रंगपुरटाँडीबाट प्रहरी सहायक निरीक्षक मोहन नारायण यादवको नेतृत्वमा खटिएको प्रहरी टोलीले मंगलबार बिहान ३ बजेको समयमा देवरियाबमट चरेस र गाँजा बरामद गरेको पर्साका प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए। चरेस र गाँजा तस्करहरु भने प्रहरीको टोलीलाई देख्नेबित्तिकै चरेस र गाजाँको पोका फ्याँकेर फरार भएकाले उनिहरुलाई पक्राउ गर्न नसकिएको प्रहरी उपरीक्षक शाहले बताए।




# स्रोत नखुलेको १५ लाख सहित एक व्यक्ति नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरी बल नेपाल बाराको टोलीद्वारा स्रोत नखुलेको १५ लाख सहीत एक जना व्यक्ति नियन्त्रणमा रहेको छ। बारा जिल्ला विश्रामपुर गा.पा.-१ खेखरिया नाकामा सशस्त्र प्रहरी बल नेपाल नं १२ गण हेड क्वाटर बारा मातहत विओपी बरैनियाको टोलीले विषेश सुचनाको आधारमा चेकजांच गर्दा भारतबाट नेपाल तर्फ आउदै गरेको भारतिय नम्बरको मोटरसाइकलमा सवार ब्यक्तिको साथबाट श्रोत नखुलेको नेपाली रुपैया रु.१५,००,०००।- (पन्ध लाख) फेला परेको हुँदा निज ब्यक्ति, मो.सा. र नगद रुपैया सहित नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय बारामा बुझाउने प्रकृयामा रहेको सशस्त्र प्रहरी बल बाराले जनाएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन